मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## एमालेको झण्डा जलाएको आरोपमा पक्राउ

**दाङ।**
तुलसीपुरमा एमालेको झण्डा जलाएको आरोपमा तुलसीपुर–७ कालाखोलाका ५५ वर्षीय वुद्धिबहादुर बस्नेतलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रेशम बोहराले बताए।

प्रहरीले झण्डा जलाउने तीन जनाको पहिचान भएको जनाएको छ। तीमध्ये दुई जना फरार छन्। उनीहरूको खोजी भइरहेको बोहराले बताए। घोराहीमा हुने कार्यक्रममा सहभागी हुन राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र नेता बालेन शाह आउने भन्ने खबर पाएपछि दाङ तुलसीपुरको वीरेन्द्र चोकमा भेला भएका समर्थकले झण्डा जलाएको भन्दै एमालेले कारबाहीको माग गरेको छ।

वर्ष ४ | अंक ९८ | २०८२ साल फागुन ०९ गते शनिबार | Saturday 21, February 2026 | सूर्योदय: बिहान ०६:३७ बजे | सूर्यास्त: साँझ ०६:०१ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# समुदायको झडपले सेना परिचालन





**मधेशदृष्टि**
**रौतहट ।**
फागुन २१ गते आमनिर्वाचन छ । यसैले देशमा सेना परिचालन भएको छ । प्रहरी र सशस्त्र प्रहरीले मात्र आपराधिक घटना नियन्त्रणमा लिन नसकेपछि पछिल्लो समय कारागारको जिम्मा पनि सेनालाई सुम्पन सुरु भएको छ । यसैक्रममा मधेशमा सधैँको बल्झिरहने घाउ बनेको समुदायबीचको झडप नियन्त्रण पनि अब प्रहरी र सशस्त्र प्रहरीको काबु बाहिर गएको अवस्था छ । यस्तो झडप नियन्त्रणमा पनि सेना चलाउनु पर्ने भएको छ ।

गौर नगरपालिका–६ सबगढवामा दुई समुदायबीच हिंसात्मक झडप भएपछि स्थिति नियन्त्रणमा लिन सेना परिचालन गर्नु परेको हो । तनाव बढेपछि सेनासमेत खटाइएको हो ।

बौधिमाई नगरपालिका–९ सरमुजवाबाट गौर नगरपालिका–६ सवगढा जाँदै गरेको सत्यनारायण साहकी छोरीको विवाहको जन्तीले मस्जिद अगाडि बाजा बजाएको विषयमा मुस्लिम पक्ष र जन्ती हिन्दू पक्षबीच भनाभन भएपछि विवाद बढेर ढुंगामुढा सुरु भएको
हो । बिहीवार राति भएको झडपमा सवगढाका ४५ वर्षीया सदिया खातुन, ४१ वर्षीय भाग्यनारायण साह, २० वर्षीय रवि साह, २० वर्षीय धरमवीर साह, ४० वर्षीय किरीत साह र ४२ वर्षीय गजेन्द्र साह घाइते भएका थिए । सबैको टाउको र खुट्टामा चोट लागे पनि अवस्था सामान्य रहेको जिल्ला प्रहरी प्रवक्ता डिएसपी बिष्णु प्रदीप बस्यालले बताए ।

स्थानीय स्रोतका अनुसार बिहीबार राति हिन्दू समुदायको एक घरमा विवाह समारोह चलिरहेका बेला बाजा बजाउने विषयमा विवाद सुरु भएको थियो । सबगढा गाउँस्थित मुस्लिम समुदायको मस्जिदमा नवाज पढिरहेका बेला डिजे बाजा बजाइएको विषयमा भनाभन भएपछि अवस्था चर्किएको हो ।

स्थिति नियन्त्रणमा लिन नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाका गरी पाँच सयभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको थियो । घटनास्थलमा सुरक्षा व्यवस्था कडा पारिएको थियो ।

जिल्ला प्रशासन कार्यालय रौतहटले सर्वसाधारणलाई संयमित रहन र अफवाहमा नलाग्न आग्रह गरेको छ । रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले घटनाको पुष्टि गर्दै अवस्था नियन्त्रणमा ल्याउन आवश्यक सबै कदम चालिएको बताए ।

त्यसैगरी जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख सीताराम रिजाल तथा सशस्त्र प्रहरीका एसपी रामहरि अधिकारीसमेत घटनास्थलमा खटिएका थिए । घटनाबारे थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

**१२ राउन्ड हवाई फायर, ४० राउण्ड अश्रुग्यास प्रहार**

शुक्रबार अवस्था तनावग्रस्त बनेपछि संयुक्त सुरक्षा कर्मीले १२ राउन्ड हवाई फायर र ४० राउन्ड अश्रुग्यास प्रहार गरेर अवस्था नियन्त्रणमा लिएको हो ।

शुक्रवार बिहान करिब सवा ९ बजेदेखि पुनः दुई पक्षबीच विवाद भई चार पाँचसयजना मानिसको भीड जम्मा भएपछि दोहोरो झडप भएको थियो । स्थिति नियन्त्रणमा लिन रौतहट प्रहरी प्रमुख एसपी सीताराम रिजाल तथा सशस्त्र प्रहरीका एसपी रामहरी अधिकारीको कमाण्डमा खटिएको सुरक्षा टोलीले १२ राउन्ड ब्लांक फायर र ४० राउन्ड अश्रुग्यास प्रहार गरेको प्रवक्ता बस्यालले बताए ।

दोस्रो झडपमा प्रहरीतर्फ २ जना र स्थानीयतर्फ ६ जना घाइते भएका छन् । घाइते हुनेमा २७ वर्षीय रामप्रवेश साह, १४ वर्षीय महम्दिन मिया, २० वर्षीय शेख सही आलम मिया, १७ वर्षीय शेख सहिब, ४२ वर्षीय महम्मद खुर्सेद र प्रहरी जवान राजेश ठाकुर छन् । उनीहरूको प्रादेशिक अस्पताल गौरमा उपचार भएको छ ।

**६ बुँदे सहमतिसँगै तनाव सामान्य**

सवगढामा भएको साम्प्रदायिक झडपपछि जिल्ला प्रशासनको पहलमा दुवै पक्षबीच ६ बुँदे सहमति भएको छ । जिल्ला प्रशासन कार्यालय गौरमा सिडिओ दिनेस सागर भुसालको उपस्थितिमा शुक्रबार दिउँसो ३ बजेदेखि सुरु भएको वार्ता सौहार्दपूर्ण वातावरणमा भएको हो ।

सहमतिमा सामाजिक सद्भाव कायम गर्ने, आपसी संयमता अपनाउने र आउँदो २१ गते हुने निर्वाचनमा सबैको सहभागिता सुनिश्चित गर्नेलगायत ६ बुँदे प्रतिबद्धता दोहोर्याइएको प्रशासनले जनाएको छ ।

# एमालेको रणनीतिः पर्सा–३ मा शीर्ष नेताहरूको प्रत्यक्ष निर्देशनसहित चुनावी अभियान तीव्र



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले पर्सा जिल्लाको निर्वाचन क्षेत्र नम्बर–३ मा प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार रुपेश कुमार पाण्डे को चुनावी जित सुनिश्चित गर्न रणनीतिक पहल सुरु गरेको
छ । पार्टीले पाण्डेको पक्षमा मतदातामा जनलहर बढ्दै गएको निष्कर्षसहित तीन शीर्ष नेतालाई अभियान क्षेत्रमा परिचालन गर्ने निर्णय गरेको छ ।

एमाले केन्द्रीय नेतृत्वले चुनावी व्यवस्थापन र संगठन सुदृढिकरणका लागि केन्द्रीय उपमहासचिव योगेश भट्टराई, अध्यक्ष केपी ओलीका राजनीतिक सल्लाहकार विष्णु रिमाल र केन्द्रीय सदस्य सुरेन्द्र पाण्डे लाई पर्सा–३ मा परिचालन गर्ने निर्णय गरेको हो । आगामी आइतबारदेखि यी नेताहरू क्षेत्रमै रहेर चुनावी रणनीति, संगठन परिचालन र कार्यक्रम व्यवस्थापनमा प्रत्यक्ष निर्देशन र निगरानी गर्ने जनाइएको छ ।

उम्मेदवार पाण्डेले बताएअनुसार शीर्ष तहका नेताहरूको उपस्थितिले चुनावी अभियानलाई थप प्रभावकारी बनाउने छ र मतदातासँग प्रत्यक्ष सम्पर्कको गहिरो प्रभाव पर्ने अपेक्षा गरिएको छ । पाण्डेले भने, 'तीव्र गतिमा घरदैलो, जनसङ्ग्रह र मतदाता भेटघाट अभियानलाई अगाडि बढाउँदै आगामी निर्वाचनमा सुनिश्चित जितका लागि तीव्र प्रयास गरिरहेका छौं । केन्द्रीय नेताहरूको सक्रिय सहभागिताले हाम्रो अभियानलाई थप सशक्त बनाउनेछ ।'

पाण्डेले आगामी दिनमा क्षेत्रीय स्तरमा आयोजना हुने प्रमुख एमाले कार्यक्रमहरूमा तीनै शीर्ष नेताको उपस्थितिले मतदातामा उत्साह र विश्वास थप्ने उल्लेख गरे । उनले पार्टीको अभियानलाई जनमुखी, पारदर्शी र व्यवस्थित बनाउन नेताहरूको अनुभव र निर्देशन उपयोगी हुने विश्वास व्यक्त गरे ।

पर्सा–३ का मतदातासँग प्रत्यक्ष संवाद र स्थानीय आवश्यकतालाई ध्यानमा राखेर अघि बढाइएको अभियानले पाण्डेको छवि जनतामा प्रभावकारी रूपमा स्थापित गर्ने उद्देश्य राखेको छ ।

उनले क्षेत्रको विकास, पूर्वाधार सुधार, स्वास्थ्य, शिक्षा र कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर आगामी दिनमा सेवा गर्ने प्रतिबद्धता दोहो¥याए ।

यस निर्णयसँगै एमालेले पर्सा–३ मा राजनीतिक गतिविधि अझ सुदृढ गर्ने रणनीति बनाएको छ । तीन शीर्ष नेताको सक्रिय परिचालन, क्षेत्रीय संगठन सुदृढीकरण, घरदैलो र मतदाता भेटघाट अभियानको संयोजनले उम्मेदवार पाण्डेको चुनावी संभावनालाई बलियो बनाउने अपेक्षा गरिएको छ ।

कुल मिलाएर, पर्सा–३ मा एमालेको चुनावी रणनीतिले मतदातासँगको प्रत्यक्ष सम्पर्क, संगठन सुदृढीकरण र अनुभवयुक्त नेताको मार्गदर्शनमार्फत रुपेश कुमार पाण्डेको विजय सुनिश्चित गर्ने योजना बनाएको देखिन्छ ।

# अपहृत बालिकाको सकुशल उद्धार

**मधेशदृष्टि**
**राजविराज ।**
मङ्गलबार साँझ अपहरणमा परेकी बालिकालाई प्रहरीले शुक्रबार सकुशल उद्धार गरेको छ । खड्क नगरपालिका–८
बिसनपुरकी ७ वर्षीया आसु खातुन भनिने नेहा खातुनको सकुशल उद्धार गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिए ।

अपहरण गरी फिरौती माग्ने खड्क–९ लालपट्टि टोलका ३० वर्षीय इम्तियाज अहमदलाई प्रहरीले नियन्त्रणमा लिएको छ । उनलाई रुपनी गाउँपालिका–१ स्थित खाँडो खोलाबाट नियन्त्रणमा लिई नेहालाई सकुशल उद्धार गरिएको प्रहरी नायब उपरीक्षक पुरीले बताए ।

मङ्गलबार साँझ घरबाट हराएकी नेहाको खोजीका लागि परिवारले खबर गरेपछि घटनाबारे प्रहरीले अनुसन्धान सुरु गरेको थियो ।

प्रहरीका अनुसार अपहरण गर्ने इम्तियाजले बिहीबार बालिकाका बुबा इमरान खानलाई फोन गरी एक करोड रुपैयाँ र पाँच किलो सुनसमेत फिरौती लिएर रुपनी–१ स्थित खाँडो खोलामा बोलाएका थिए ।

यसैबीच पक्राउ परेका अहमदविरुद्ध अपरहण तथा शरीर बन्धक र मानव बेचबिखन तथा ओसारपसार मुद्दामा सप्तरी जिल्ला अदालत राजविराजबाट सात दिनको म्याद थप गरी इलाका प्रहरी कार्यालय कल्याणपुरबाट थप अनुसन्धान सुरु गरिएको प्रहरी नायब उपरीक्षक पुरीले जानकारी दिए ।




# माध्यमिकी परिक्रमालाई जलेश्वरमा भव्य स्वागत

**महोत्तरी ।**
मिथिलाको महाकुम्भ मानिएको १५ दिने माध्यमिकी परिक्रमालाई शुक्रबार सदरमुकाम जलेश्वरमा भव्य स्वागत गरिएको छ ।



सोमबार धनुषाको कचुरीस्थित मिथिला विहारी कुटीबाट मिथिला विहारी तथा जनकपुरस्थित अग्नि कुण्डका किशोरी जीको डोलासाथ धार्मिक विधिअनुसार जानकी मन्दिरहुँदै धार्मिक झाँकी भजनकीर्तनसहित सुरु भएको परिक्रमा मङ्गलबार सीमावर्ती भारतीयगाउँ कलानेश्वरमा बुधबार भारतकै गीरिजास्थान (फुल्हर), तेस्रो दिनको विश्राम बिहीबार महोत्तरीको मटिहानीमा र शुक्रबार चौथो पराक्रमका लागि महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर आइपुग्दा परिक्रमालाई भव्य स्वागत गरिएको छ ।
बाजा, गाजा, साधु, नागा, नाचगानकासाथ भगवान राम र माता जानकीको डोलालिएर लाखौँको संख्यामा महोत्तरीको जलेश्वर प्रवेश गरेका परिक्रमालाई स्वागत गर्दै जलेश्वरवासी तथा महोत्तरी प्रशासनले विशेष पूजापाठ गरी नगर प्रवेश गराएका छन् । जलेश्वरवासीले ठाउँ ठाउँमा परिक्रमा यात्रीका लागि निःशुल्क भोजन, पानी, दाउरा, बिजुलीको व्यवस्था मिलाएको छ ।
परिक्रमाका सहभागीहरु शुक्रबार महोत्तरी सदरमुकाम जलेश्वरमा चौथो पराव, मडैमा पाँचाँै, धुरवकुण्डमा छैठौ, र कञ्चनवनमा सातौँ दिनको बास बसेर आठाँै दिनको पराव पुनः धुनषा जिल्लाको पर्वतामा बस्नेछन् । त्यसपछि धनुषाधाम, औरही, सतोषर हुँदै पुनःभारतको विशौल र त्यसपछि भारतकै कलानेश्वर र फागुपूर्णिमाको दिन जनकपुर फर्कने छ । परिक्रममा सहभागीका लागि वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले सहभागीको सुविधाका लागि पन्ध्रवटै विश्रामस्थलमा बिजुली, खानेपानीलगायतको व्यवस्था मिलाएको छ । नेपाल र भारत दुवै मुलुकको धार्मिक सांस्कृतिक एवम् पारम्परिक सदभावका प्रतीक बनेको परिक्रममा यात्राको नेपालमा १३ तथा भारतमा दुई गरी १५ विश्रामस्थल छन् ।
मिथिला महात्मयमायी विश्रामस्थलका पौराणिक एवम् धार्मिक महत्वबारे छुट्टाछुट्टै प्रकाश पारिएकाले यी स्थलप्रति भक्तजनमा अटुट आस्था रहेको पाइन्छ । मिथिला महात्म्यअनुसार १८औँ शताब्दीदेखि यो धर्म यात्रालाई माध्यमिकी परिक्रमाका रुपमा मनाइँदै आएको हो । यस परिक्रमामा भारतको आयोध्या, मथुरा, हरिद्वार, दरभङ्गा, सतामढी, बैजनाथधामका साधुहरु उल्लेख्य रुपमा सहभागी भएका छन् । फागुन शुक्लप्रतिपदाको शुभ साइतबाट प्रारम्भ हुने यो धर्मयात्रा १५ दिनभित्र जनकपुर पुगी होली खेलेर फागुन पूर्णिमा तिथिपारी समापन गरिने परम्परा छ ।
यस परिक्रममा सहभागी हुनाले मन बचन र कर्मले भएका पाप तथा अन्याय नष्ट भएर मनोकामना पूरा हुने धार्मिक मान्यता छ । मिथिला महात्मयअनुसार अठारौँ सताब्दीदेखि माध्यमीकि परिक्रम मनाइँदै आएको र यस धर्मयात्राका सहयात्रीले रात्रिभजनकीर्तन गरी १५ दिन बिताउने गर्दछन् । विश्वकै सर्वाधिक लामो समयसम्म चल्ने धार्मिक यात्रा परिक्रमाका यात्रु भारतको कलना, फुलहर, महोत्तरीको मटिहानी, जलेश्वर, मडै,ध्रुवकुण्ड, कञ्चनवनहुँदै धनुषाको पर्वता, धनुषाधाम, सतोषर, औरहीमा एक एकरात विश्राम गरी पूर्णिमाको अघिल्लो रात जनकपुर आइपुग्छन र पूर्णिमाको दिन बिहानै जनकपुरको अन्तगृह परिक्रमा गरी होलिखेली १५ दिवसीययात्रा सम्पन्न गरिन्छ ।
सुख समृद्धि मानसिक शान्ति तथा चारधामको दर्शन गरे बराबरको फलप्राप्ति हुने विश्वास व्यक्तगर्दै यस धर्म यात्राका यात्रुले नेपालको १०७ तथा भारतको २६ गरी १३३ किलोमिटर भूमिको पैदलयात्रा गर्ने मान्यता छ । प्राचीन मिथिलाको राजधानी जनकपुरको चारै कुनामा निमार्ण गरिएका कल्याणेश्वर, जलेश्वर, क्षिरेश्वर र सप्तेश्वर शिवालयलाई आधार मानि यो परिक्रमा यात्रा सुरु गरिएको हो । मिथिलाको महाकुम्भसमेत नामाकरण गरिएको यस परिक्रमा यात्रामा नेपाल भारतका हजारौँ साधुसन्त महन्थ र गृहस्थको सहभागिता रहेको छ । रासस



**दुई दशकदेखि अलपत्र पुलः** *हुलाकी सडकअन्तर्गत जिल्लाको झापा गाउँपालिका र गौरीगञ्ज गाउँपालिकालाई जोड्ने कनकाई नदीमाथि निर्माणाधीन दुई दशकदेखि अलपत्र परेको पक्की पुल । तस्बिरः रासस*

# पर्चा पम्पलेटविहीन चुनावी प्रचार गर्न झाको अपिल

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा निर्वाचन क्षेत्र नम्बर–३ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार तथा राष्ट्रिय स्वतन्त्र पार्टीका केन्द्रीय प्रवक्ता मनिष झाले आफ्नो क्षेत्रमा चुनावी पोस्टर नटाँस्ने घोषणा गरेका छन् ।



शहरको स्वच्छता र सौन्दर्य जोगाउने उद्देश्यले उनले पोस्टरविहीन प्रचार अभियान सञ्चालन गर्ने निर्णय सार्वजनिक गरेका हुन् । प्रचारप्रसारका क्रममा अनावश्यक रूपमा भित्ते लेखन र पोस्टर टाँस्दा शहर कुरुप बन्ने भएकाले आफूले वैकल्पिक र सभ्य शैली अपनाउने उनको भनाइ छ । झाले धनुषा क्षेत्र नम्बर–३ भित्र कुनै पनि सार्वजनिक स्थल, भित्तो वा संरचनामा पोस्टर तथा भित्ते लेखन नगर्न पार्टी कार्यकर्तालाई स्पष्ट निर्देशन दिएका छन् । निर्वाचन अभियानलाई व्यवस्थित, मर्यादित र वातावरणमैत्री बनाउनु अहिलेको आवश्यकता भएको उनले उल्लेख गरेका छन् ।
उनले अन्य दल र उम्मेदवारलाई पनि प्रचार सामग्री प्रयोग गर्दा शहरको सरसफाइ र सौन्दर्यलाई ध्यानमा राख्न आग्रह गरेका छन् ।
झाको निर्णयलाई स्थानीय बासिन्दा, नागरिक समाज तथा विभिन्न संघसंस्थाले सकारात्मक रूपमा लिएका छन् । स्वच्छ र जिम्मेवार राजनीतिक संस्कार विकासतर्फको यो कदम प्रभावकारी हुन सक्ने धारणा व्यक्त गरिएको छ ।

# उम्मेदवार नै मान्दैनन् आयोगको निर्देशन

***सात राजनीतिक दल र ८ सय ६७ उम्मेदवारले मात्र आयोगको निर्देशन मानेर बैंक खाता खोलेका छन् । ४१ राजनीतिक दलहरूले मात्र घोषणापत्र सार्वजनिक गरेका छन् । आचारसंहिता अनुगमनका ७५ उजुरीमा ५२ वटाको मात्र जवाफ प्राप्त भएको छ । चार हजार ३०० पर्यवेक्षकले परिचय पत्र लगेका छन् ।***

**मधेशदृष्टि**
**वीरगंज ।**
निर्वाचन आयोगको आचारसंहिता र निर्देशन नमान्नेमा प्रतिनिधि सभाका उम्मेदवार पनि कम देखिएका छैनन् । हालसम्म सात राजनीतिक दल र ८ सय ६७ उम्मेदवारले आयोगको निर्देशन मानेर बैंक खाता खोलेका छन् ।
निर्वाचनमा राजनीतिक दल र उम्मेदवारहरूले लिने आर्थिक सहायताको पारदर्शिता र निर्वाचन कानूनले तोकेको खर्चको सीमाको पालना तथा प्रभावकारी निगरानीका लागि बैंक खाता खोल्ने व्यवस्था गरेको थियो । तर उम्मेदवारहरुले पालना गरेका छैनन् ।
प्रतिनिधिसभा सदस्य निर्वाचन प्रचारप्रसार बैंक खाता (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२ अनुसार प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा भाग लिने प्रयोजनका लागि आयोगमा दर्ता भई समानुपातिक र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि उम्मेदवारी दिएका सबै राजनीतिक दल, दलका उम्मेदवारहरू र स्वतन्त्र उम्मेदवारहरुले कार्यविधिअनुसार निर्वाचन प्रचारप्रसारका लागि आर्थिक सहयोग लिई गर्ने आम्दानी खर्च कारोबार सोही खातामार्फत हुने व्यवस्था आयोगले गर्न चाहेको छ ।

**घोषणापत्र सार्वजनिक र जानकारी**
निर्वाचनको घोषणापत्रप्रति राजनीतिक दल तथा उम्मेदवारलाई नागरिकसमक्ष जवाफदेही बनाउने उद्देश्यले घोषणापत्र सार्वजनिक गर्ने र आयोग तथा सम्बन्धित निर्वाचन कार्यालयमा पेस गर्ने व्यवस्था निर्वाचन आचारसंहिता, २०८२ को दफा ३७ ले गरेको छ । आचारसंहिताको सोही व्यवस्थाबमोजिम प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा भाग लिएका राजनीतिक दलहरू तथा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फका उम्मेदवारहरूलाई यही फागुन ३ गतेभित्र घोषणापत्र सार्वजनिक गरी तोकिएका निकायमा पेस गर्न निर्वाचन आयोगले निर्देशनसमेत दिएको थियो । आयोगको निर्देशानुसार ४१ राजनीतिक दलहरूले घोषणापत्र सार्वजनिक गरेका छन् ।

**आचारसंहिता अनुगमन र कारबाही**
निर्वाचन आचारसंहिताको प्रभावकारी परिपालना गराई उल्लङ्घनका घटना न्यूनीकरण गर्न आयोगले प्राप्त उजुरीमा आवश्यक जाँचबुझ र कारबाहीको प्रक्रिया जारी राखेको छ ।
आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुमगन अधिकृत तथा सम्बन्धित निर्वाचन कार्यालयहरू क्रियाशील छन् ।
केन्द्रीय आचारसंहिता अनुगमन समितिमा हालसम्म प्राप्त उजुरीमध्ये ७५ वटाका सम्बन्धमा सम्बन्धित राजनीतिक दल तथा उम्मेदवारहरूलाई स्पष्टीकरण सोधिएको छ । जसमध्ये ५२ वटाको जवाफ प्राप्त भएको छ ।

**चार हजार ३ सय पर्यवेक्षक**
प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ का लागि आयोगले राष्ट्रियतर्फका ३७ वटा र अन्तरराष्ट्रियतर्फ चारवटा गरी ४१ संस्थालाई पर्यवेक्षण अनुमति प्रदान गरेको छ । अनुमति पाएका संस्थाका तर्फबाट पर्यवेक्षकको नाम प्रविष्ट गर्ने कार्य सम्पन्न भई आयोगले संस्थाका प्रतिनिधिहरूलाई अभिमुखीकरण सम्पन्न गरिसकेको छ । आयोगले अनुमतिप्राप्त संस्थाका करिब चार हजार ३०० जना पर्यवेक्षकका लागि परिचयपत्र जारी गरिसकेको छ ।

# नेकपाका उम्मेदवार सिए चौरसियाको घरदैलो तीव्र

**मधेशदृष्टि**
**वीरगंज ।**
फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै जाँदा पर्सा निर्वाचन क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार सिए अजय चौरसियाले घरदैलो अभियानलाई तीव्रता दिएका छन् । नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का उम्मेदवार चौरसियाले शुक्रबार वीरगञ्ज महानगरपालिका श्रीपुर वडा नम्बर ११ मा घरदैलो कार्यक्रम सम्पन्न गरेका हुन् ।



घरदैलोका क्रममा उम्मेदवार चौरसियाले स्थानीय मतदातासँग प्रत्यक्ष भेटघाट तथा संवाद गर्दै पर्सा मात्र नभई समग्र मुलुकको समुन्नत निर्माणका लागि असल, इमानदार र जिम्मेवार नेतृत्व चयन गर्न आग्रह गरे । उनले नेकपा सुरुदेखि नै जनताका समस्या र मुद्दालाई प्राथमिकतामा राख्दै आएको उल्लेख गर्दै आगामी दिनमा पनि जनहितलाई केन्द्रमा राखेर काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।
देशमा व्याप्त भ्रष्टाचार, बेथिति र कुशासन अन्त्यका लागि शिक्षित, जानकार र जवाफदेही नेतृत्व आवश्यक रहेको उनको भनाइ थियो । 'देश डुब्नुको कारण पैसा होइन, हिसाब नबुझ्ने नेतृत्व हो,' उनले भने, 'आम जनताले तिरेको करबाट बनेको प्रत्येक पैसा जनताकै हितका लागि खर्च हुनुपर्छ र त्यसको स्पष्ट हिसाब हुनुपर्छ ।'
चौरसियाले आफ्नो निर्वाचन क्षेत्रमा शिक्षित, अनुभवी र काम गर्न सक्ने नेतृत्वको आवश्यकता औंल्याउँदै यसअघि निर्वाचित प्रतिनिधिहरूको कामको मूल्याङ्कन गरेर यस पटक क्षेत्रको भविष्य, समृद्धि र विकासलाई केन्द्रमा राखी मतदान गर्नुपर्ने बताए । कार्यक्रमको अन्त्यमा उनले आगामी निर्वाचनमा नेकपाको 'तारा' छापमा मतदान गर्न मतदातासमक्ष अपिल गर्दै पारदर्शी, जवाफदेही र विकासमुखी नेतृत्वका लागि आफूलाई अवसर दिन आग्रह गरे ।
घरदैलो कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य बालगोपाल थापा, शेखचान्द तारा, बाबुराम कौशिक, रामदरश कुशवाहालगायत स्थानीय नेता तथा कार्यकर्ताको उल्लेखनीय उपस्थिति रहेको थियो ।

# जनकपुरधाममा कक्षा ८ को वार्षिक परीक्षाको तालिका सार्वजनिक

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिकाले शैक्षिक सत्र २०८२ का लागि आधारभूत तह उत्तीर्ण (कक्षा ८) को वार्षिक परीक्षा तालिका सार्वजनिक गरेको छ । आधारभूत तह उत्तीर्ण परीक्षा समितिको फागुन ६ गते बसेको बैठकको निर्णयअनुसार परीक्षा आगामी चैत ८ गतेदेखि सञ्चालन हुने भएको हो । नगर कार्यपालिकाको कार्यालयद्वारा जारी सूचनामा परीक्षा बिहान ८ बजेदेखि १० बजेसम्म सञ्चालन गरिने उल्लेख गरिएको छ । यो तालिका सामुदायिक तथा




संस्थागत विद्यालयका सबै विद्यार्थीहरूका लागि लागू हुनेछ ।
प्रकाशित कार्यतालिकाअनुसार चैत ८ गते गणित विषयबाट परीक्षा सुरु हुनेछ । चैत ९ गते सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा, चैत १० गते अंग्रेजी, चैत १२ गते विज्ञान तथा प्रविधि तथा चैत १५ गते नेपाली विषयको परीक्षा सञ्चालन गरिनेछ । यसैगरी, चैत १६ गते साधारणतर्फ स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयको परीक्षा हुनेछ भने संस्कृततर्फ संस्कृत भाषा तथा व्याकरणको परीक्षा लिइनेछ । चैत १७ गते स्थानीय विषयको परीक्षा सम्पन्न भएसँगै वार्षिक परीक्षा सकिने जनाइएको छ ।
उपमहानगरपालिकाले परीक्षा मर्यादित, निष्पक्ष र व्यवस्थित रूपमा सम्पन्न गर्न विद्यालय प्रशासन, शिक्षक, अभिभावक तथा सरोकारवाला सबै पक्षलाई आवश्यक तयारी गर्न आग्रह गरेको छ । सूचनाको बोधार्थस्वरूप राष्ट्रिय परीक्षा बोर्डलाई समेत जानकारी गराइएको छ ।

**बिष्णुपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बिष्णुपुर,सप्तरी**
**मधेश प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सुचना**

**(प्रथम पटक प्रकाशित मिति: २०४२/११/०९)**

उपरोक्त सम्बन्धमा यस कार्यालय बाट मिति २०82/०९/०९ गते राष्टिय दैनिक पत्रिकामा प्रकाशित निम्न बमोजिमका शिलबन्दी बोलपत्र आव्हान सम्बन्धि सुचना अनुसार निर्धारित समय भित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही तपशिल बमोजिमका बोलपत्र यस कार्यालयको निर्णय अनुसार स्वीकृतिको लागी छनौट गरिएकोले सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा २ तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी ७ दिने सुचना प्रकाशन गरिएको छ।

**तपशिल :**

| सि. नं | ठेक्का नं | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.क र पि.एस बाहेक) |
|---|---|---|---|---|
| १. | 1/NCB/WORKS/ BRM/082/083 | Sharda Ma.Bi Jamuni ko Char kothe Bhawan Nirman Karya Ward 1 | PRADIP-SOKHA BANDI J.V., BALAN-BIHUL-6,SAPTARI | ३८,८७,०९२.६७/- |
| 2. | 2/NCB/WORKS/ BRM/082/083 | Hulaki Sadak Dekhi Sharda Ma.Bi Jamuni Samm ko Sadak Dhalan Garne Karya Ward 1 | PRADIP-SOKHA BANDI J.V., BALAN-BIHUL-6,SAPTARI | ४५,६६,५४१.४५/- |
| ३. | 3/NCB/WORKS/ BRM/082/083 | Janta Ma.Bi Bishnupur Ko Adhuro Bhawan Nirman Ward 7 | Sonakashi Construction, Balan Bihul-01, Saptari | २१,२४,८२७.६१/- |

प्रमुख प्रशासकीय अधिकृत

Website: www.bishnupurmunsaptari.gov.np E-mail: bishnupursaptari@gmail.com

# प्रसौनीमा एमालेको जनता दर्शन कार्यक्रम सम्पन्न
## विभिन्न पार्टी परित्याग गरि २५० जना एमालेमा प्रवेश

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा निर्वाचन क्षेत्र नम्बर–१ अन्तर्गत पर्ने वीरगंज महानगरपालिका–२३ प्रसौनीमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) द्वारा आयोजना गरिएको घरदैलो, जनता भेटघाट तथा पार्टी प्रवेश कार्यक्रम उत्साहका साथ सम्पन्न भएको छ । फागुन २१ गते तय गरिएको प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै आयोजना गरिएको उक्त कार्यक्रमले चुनावी वातावरणलाई थप सक्रिय बनाएको देखिएको छ ।

कार्यक्रम वडा कमिटी अध्यक्ष लालबाबु यादवको अध्यक्षतामा सम्पन्न भएको थियो भने केन्द्रीय कमिटी सदस्य तथा पर्सा जिल्ला इन्चार्ज प्रभु हजरा प्रमुख अतिथिका रूपमा उपस्थित थिए । सम्बोधनका क्रममा नेताहरूले मुलुकको राजनीतिक उतारचढावको चर्चा गर्दै अस्थिरताबाट मुक्त स्थायी सरकार निर्माणका लागि एमाले नेतृत्व आवश्यक रहेको धारणा राखे । उनीहरूले राष्ट्रिय एकता, संविधानको रक्षा र समृद्धिको यात्राका लागि एमालेका उम्मेदवार प्रदीप यादवलाई विजयी गराउन मतदातासँग अपिल गरे ।




प्रतिनिधिसभा सदस्यका उम्मेदवार प्रदीप यादवले राष्ट्रिय स्वाभिमान र संविधानको संरक्षण आफ्नो प्राथमिकता भएको उल्लेख गर्दै यही उद्देश्यले एमाले रोजेको स्पष्ट पारे । मधेश आन्दोलनदेखि हालसम्मको राजनीतिक अनुभव स्मरण गर्दै उनले जनताको हकहितका लागि निरन्तर क्रियाशील रहने प्रतिबद्धता व्यक्त गरे । 'काम गर्ने र जनतासँगै उभिने उम्मेदवारलाई मत दिनुहोस्,' उनले आग्रह गरे ।

नवआगन्तुक सदस्यहरूलाई खादा तथा टीका लगाएर स्वागत गर्दै यादवले क्षेत्र नम्बर–१ मा केही अवसरवादी समूहले बिचौलियामार्फत भ्रम फैलाउने प्रयास गरिरहेको आरोप लगाए । उनले आगामी निर्वाचनमार्फत यस्ता प्रवृत्तिलाई परास्त गर्नुपर्ने आवश्यकता औँल्याउँदै यस पटकको प्रतिस्पर्धा देश निर्माण र विघटनकारी सोचबीचको रहेको बताए । 'राष्ट्र निर्माणको यात्रालाई अघि बढाउन एमालेको नेतृत्व अपरिहार्य छ,' उनले जोड दिए ।

कार्यक्रमकै अवसरमा जमुना यादवको नेतृत्वमा विभिन्न दल परित्याग गरी दर्जनौँ स्थानीय नेता तथा कार्यकर्ता एमालेमा प्रवेश गरेका छन् । वडा कमिटी सचिव राकेश साहले सञ्चालन गरेको उक्त कार्यक्रममा केन्द्रीय कमिटी सदस्य निर्मला देवकोटा, मधेस प्रदेश उपाध्यक्ष विचारी यादव, क्षेत्रीय समन्वय कमिटी अध्यक्ष मानदेव हजरा, नेता जलन्धर पटेलसहित स्थानीय तहका नेता–कार्यकर्ताको उल्लेखनीय उपस्थिति रहेको थियो ।

यसैबीच वीरगंज महानगरपालिका–२३ मा ठूलो संख्यामा दल परिवर्तन भएको छ । जनता समाजवादी पार्टी (जसपा) का वडा इकाइ कमिटी अध्यक्षसहित करिब २ सय ५० भन्दा बढी स्थानीय नेता तथा कार्यकर्ता नेपाल कम्युनिष्ट पार्टी (एमाले) मा आबद्ध भएका छन् । शुक्रबार बिहान प्रसौनीमा आयोजित एमालेको पार्टी प्रवेश तथा वडा भेलामा जसपाका वडा इकाइ अध्यक्ष जमुना यादव, सचिव मनोज कुमार यादव तथा नन्दु किशोर यादव, कालिम अन्सारी, जयराम साह गोढ, जगरनाथ महतो, कृष्णा कुशवाह, रुदल सहनी, श्याम किशोर यादवलगायत उल्लेख्य संख्यामा कार्यकर्ता एमालेमा प्रवेश गरेका हुन् ।

नवप्रवेशीहरूलाई अबीर टीका लगाएर स्वागत गर्दै पर्सा–१ का एमाले उम्मेदवार प्रदीप यादवले वडा नम्बर २३ मा पार्टीको संगठनात्मक अवस्था अझ सुदृढ भएको दाबी गरे । उनले देश र संविधान विभिन्न चुनौतीको घेरामा रहेको उल्लेख गर्दै तिनको संरक्षण र सुदृढीकरण गर्न सक्षम शक्ति एमाले मात्र भएको जिकिर गरे । मधेश आन्दोलनबाट प्राप्त संघीयता, समावेशिता लगायत उपलब्धिको रक्षा पनि एमालेकै नेतृत्वमा सम्भव हुने विश्वासका साथ आफूले पार्टी रोजेको उनले स्पष्ट पारे। ती उपलब्धिहरू जोगाउने लक्ष्यसहित उम्मेदवारी दिएको उनले बताए ।

क्षेत्र नम्बर–१ मा विभिन्न दलका उम्मेदवार सक्रिय रहे पनि अधिकांश जनतासँग घुलमिल नभएका व्यक्तिहरू रहेको उनको आरोप थियो । पूर्वमन्त्रीसमेत रहेका यादवले बाहिरी जिल्लाबाट आएका व्यवसायी र उद्योगीहरू चुनावको समयमा मात्र मत माग्न आउने, त्यसपछि पाँच वर्षसम्म जनताबाट टाढा रहने प्रवृत्ति दोहोरिने गरेको टिप्पणी गरे । आफू भने विगतदेखि नै जनताको हरेक दुःखसुखमा साथ दिँदै आएको दाबी गर्दै उनले मतदातालाई विवेकपूर्ण निर्णय गर्न आग्रह गरे । कोरोना महामारी, खानेपानी संकटलगायत कठिन समयमा को जनताको साथमा उभियो भन्ने प्रश्न आफैंले मूल्यांकन गरेर मात्र मतदान गर्न उनले अपिल गरे ।

# डुबानदेखि बेरोजगारीसम्मका मुद्दामा सरार्फको प्राथमिकता




**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा निर्वाचन क्षेत्र नम्बर–१ अन्तर्गत पर्ने वीरगंज महानगरपालिका–१६ नगवा टोलमा प्रतिनिधिसभा सदस्यका उम्मेदवार ओमप्रकाश सर्राफले सशक्त घरदैलो अभियान सञ्चालन गर्दै स्थानीय मतदातासँग प्रत्यक्ष संवाद गरेका छन् । जनमत पार्टी का तर्फबाट उम्मेदवार रहेका सर्राफले चुनावी प्रचारलाई जनमुखी बनाउने उद्देश्यसहित टोल–टोल पुगेर नागरिकका समस्या र सुझाव संकलन गरेका हुन् ।

अभियानका क्रममा उनले नगवाका गल्ली र बस्तीहरूमा पुगेर खुला छलफल गरे । वर्षायाममा हुने डुबान, अव्यवस्थित ढल तथा नाला, जीर्ण भित्री सडक, अपर्याप्त सडक बत्ती, अनियमित खानेपानी, फोहोर व्यवस्थापनको कमजोरी, स्वास्थ्य–शिक्षा क्षेत्रका चुनौती, बेरोजगारी तथा सीमावर्ती क्षेत्रसँग सम्बन्धित समस्याबारे स्थानीयले धारणा राखेका थिए । सर्राफले ती सबै गुनासालाई गम्भीरतापूर्वक लिँदै समाधानका लागि ठोस पहल गर्ने प्रतिबद्धता जनाए ।

स्थानीयका अनुसार वर्षा सुरु भएसँगै घर–आँगन डुबानमा पर्ने समस्या दीर्घकालीन रूपमा समाधान गर्न व्यवस्थित नाला तथा ढल निर्माण अत्यावश्यक छ । सर्राफले संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय गरी पूर्वाधार विकास योजनामार्फत डुबान नियन्त्रणलाई प्राथमिकतामा राख्ने बताए । 'विकास कागजमा होइन, नागरिकको दैनिक जीवनमा अनुभूत हुनुपर्छ,' उनले स्पष्ट पारे । भित्री सडक स्तरोन्नति, सडक बत्ती विस्तार र सुरक्षित यातायात व्यवस्थापनलाई पनि उनले प्राथमिकता दिने उल्लेख गरे । सीमावर्ती व्यापारिक क्षेत्र भएकाले ट्राफिक जाम न्यूनीकरण र बजार व्यवस्थापन सुधारका लागि विशेष योजना ल्याउने उनको भनाइ थियो । युवालाई रोजगारी र स्वरोजगारतर्फ उन्मुख गराउन सीपमूलक तालिम, साना–मझौला उद्यम प्रवद्र्धन र लगानीमैत्री वातावरण निर्माणमा जोड दिने उनले बताए ।

खानेपानी तथा सरसफाइका सवालमा पनि उनले स्पष्ट धारणा राखे । स्वच्छ पानी नागरिकको आधारभूत अधिकार भएकाले आपूर्ति प्रणाली सुदृढीकरण र नियमित अनुगमन अपरिहार्य रहेको उनले बताए । फोहोर व्यवस्थापनलाई आधुनिक र दीगो बनाउन नगरस्तरमा ठोस योजना आवश्यक रहेकोमा उनले जोड दिए । स्वास्थ्य र शिक्षातर्फ बढ्दो जनसंख्या अनुसार सेवा विस्तार गर्नुपर्ने मागप्रति सर्राफ सकारात्मक देखिए । आधारभूत स्वास्थ्य सेवा सुदृढीकरण, आवश्यक जनशक्ति व्यवस्थापन तथा सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धिमा पहल गर्ने उनले प्रतिबद्धता जनाए । 'समृद्ध समाज निर्माणका लागि सुदृढ शिक्षा र स्वास्थ्य सेवा आधार हुन्,' उनले उल्लेख गरे ।

घरदैलो अभियानका क्रममा स्थानीयले सर्राफको सरल शैली र प्रत्यक्ष संवादलाई सकारात्मक रूपमा लिएको बताएका छन् । आश्वासनभन्दा कार्यान्वयनमुखी योजना प्रस्तुत गरेर विश्वास जित्ने प्रयास गरेको भन्दै मतदाताले उत्साह व्यक्त गरेका छन् । विकास, सुशासन र पारदर्शितालाई केन्द्रमा राख्दै पर्सा–१ लाई नमुना निर्वाचन क्षेत्र बनाउने लक्ष्यसहित अघि बढेको उनको अभियानले नगवा टोलमा नयाँ आशा र ऊर्जा थपेको छ ।

# पर्सागढी–५ मा रिमा कुमारी यादवको घरदैलो
## शिक्षा, स्वास्थ्य र कृषिमा प्राथमिकता घोषणा



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा निर्वाचन क्षेत्र नम्बर–२ अन्तर्गत पर्सागढी नगरपालिका–वडा नं. ५ का बहुअरावा र हर्दिया टोलमा नेकपा (एमाले) का प्रतिनिधिसभा सदस्य पदकी उम्मेदवार रिमा कुमारी यादवले निरन्तर घरदैलो तथा मतदाता भेटघाट कार्यक्रम सञ्चालन गरेकी छन् । शुक्रबार आयोजित कार्यक्रममा उनले स्थानीय मतदातासँग प्रत्यक्ष संवाद गर्दै क्षेत्रका विविध समस्याबारे विस्तृत जानकारी लिएकी थिइन् ।

घरदैलोको क्रममा उम्मेदवार यादवले मतदाताका गुनासो, सुझाव र आवश्यकतासँग गम्भीर रूपमा परिचित हुँदै समाधानमुखी योजना प्रस्तुत गरिन् ।

उनले क्षेत्रको समग्र विकासका लागि शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रमा प्राथमिकता दिनुपर्ने आवश्यकतालाई जोड दिइन् । यादवले भनिन्, 'गुणस्तरीय शिक्षा, सहज तथा सुलभ स्वास्थ्य सेवा र आधुनिक कृषि प्रणाली स्थानीय जनताको जीवनस्तर उकास्नका लागि आधारभूत आवश्यकता हुन्। यी क्षेत्रहरूमा ध्यान दिनु हाम्रो पहिलो प्राथमिकता हो ।'

कार्यक्रममा उपस्थित मतदातासँग उनले व्यक्तिगत रूपमा संवाद गर्दै स्थानीय समस्याका उदाहरणहरूसँग तुलना गरी सुधारका उपायहरू प्रस्तुत गरिन्। विशेष गरी शिक्षामा गुणस्तर सुधार, सामुदायिक विद्यालयहरूको स्तरोन्नति, शिक्षक–स्रोत व्यवस्थापन र छात्रवृत्ति प्रणालीमा सुधारको योजना उनले उल्लेख गरिन् । स्वास्थ्य क्षेत्रमा आधारभूत सेवा सहज बनाउने, स्थानीय अस्पताल र स्वास्थ्य चौकीको स्तरोन्नति गर्ने र जनस्वास्थ्य सम्बन्धी जागरूकता कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता पनि उनले व्यक्त गरिन् ।

कृषि क्षेत्रमा, यादवले आधुनिक खेती पद्धति, सिंचाइ प्रणाली सुधार, मल उपलब्धता सुनिश्चित गर्ने र कृषक प्रशिक्षण कार्यक्रम मार्फत उत्पादन वृद्धि गर्ने योजना सार्वजनिक गरिन्। यसका साथै स्थानीय युवालाई स्वरोजगार र रोजगारका अवसर सिर्जना गर्न प्रशिक्षण र साना–मझौला उद्यम प्रवद्र्धनमा जोड दिने उनको योजना रहेको छ ।

कार्यक्रममा एमालेका केन्द्रिय सदस्य विजय सरावगी, नेता मुकेश द्विवेदी, गोकर्ण पाठक, सिंघासन साह, लियाकत अली, अजय साह, पूर्व वडा अध्यक्ष असलम आलम, अशोक यादव लगायतका स्थानीय नेता तथा कार्यकर्ताहरूको उल्लेखनीय सहभागिता रहेको थियो । उपस्थित मतदाताले उम्मेदवार यादवको सरल व्यवहार र प्रत्यक्ष संवाद शैलीलाई सकारात्मक रूपमा लिएका थिए ।

यस घरदैलो कार्यक्रममा प्रस्तुत योजनाहरूले मतदातामा विश्वास र उत्साह थपेको स्थानीयले बताएका छन् । रिमा कुमारी यादवले शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रका साथै स्थानीय विकास र समृद्धिका लागि जनमुखी र कार्यान्वयन योग्य योजनासहित क्षेत्रीय मतदातासँग सशक्त सम्बन्ध निर्माण गर्दै चुनावी अभियानलाई सुदृढ बनाइरहेकी छिन् । यादवको घरदैलो कार्यक्रमले पर्सा–२ मा एमालेको उपस्थितिलाई थप सशक्त बनाएको र क्षेत्रीय विकासका मुद्दामा मतदातालाई स्पष्ट दृष्टिकोण प्रस्तुत गरेको बताइन्छ ।

# रास्वपाका उम्मेदवार कानुको जनमुखी घरदैलो
## शिक्षा, स्वास्थ्य, रोजगारी प्राथमिकता



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा निर्वाचन क्षेत्र नम्बर–२ अन्तर्गत वीरगंज महानगरपालिका–२६ अठराहा सुगौली टोलमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार सुशील कुमार कानुले घरदैलो कार्यक्रम सञ्चालन गर्दै मतदातासँग प्रत्यक्ष संवाद गरेका छन् । कानुले कार्यक्रममा मतदातालाई "घण्टी" चुनाव चिन्हमा मतदान गर्न आग्रह गर्दै रास्वपाको करार पत्रअनुसार पाँच वर्षसम्म जनताको सेवामा समर्पित भएर काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रमका क्रममा उनले पर्सा–२ मा रोजगारी, शिक्षा, स्वास्थ्य र पूर्वाधार क्षेत्रमा पर्याप्त प्रगति नभएको उल्लेख गर्दै विगतका निर्वाचित प्रतिनिधिहरूको कार्यसम्पादनप्रति असन्तुष्टि जनाए । कानुको भनाइमा, 'यो क्षेत्र आज पनि दुई दशकअघिकै अवस्थामा छ,' उनले भने, 'निर्वाचित भएपछि यहाँको अवस्था परिवर्तन गर्नेछु ।'

जनतासँग लामो अनुभव भएको दाबी गर्दै कानुले शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार विकासलाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता व्यक्त गरे । उनका प्रमुख चुनावी एजेन्डा सुशासन, आर्थिक विकास, शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रमा केन्द्रित रहेको छ ।

कानुले सुशासन र डिजिटल प्रशासनलाई जोड दिँदै सरकारी सेवाहरू डिजिटलाइज गरेर पारदर्शी बनाउने योजना पनि प्रस्तुत गरे । उनले ई–गभर्नेन्स प्रणाली लागू गरी भ्रष्टाचार नियन्त्रण गर्ने, एकीकृत डिजिटल प्लेटफर्ममार्फत सेवा प्रवाह गर्ने र नागरिकको डाटा सुरक्षित राख्ने योजना रहेको बताए । स्थानीय अर्थतन्त्र र विकासलाई अघि बढाउन उनले रोजगारी सिर्जना, लगानी आकर्षण र स्टार्टअप प्रवद्र्धनमा जोड दिने योजना राखेका छन् । युवा वर्गलाई लक्षित गर्दै विशेष कोष स्थापना र विदेशी लगानीलाई सहज बनाउने माध्यमबाट स्थानीय लाभ सुनिश्चित गर्ने कानुको भनाइ थियो । घरदैलो कार्यक्रममा स्थानीय युवाहरू र ज्येष्ठ नागरिकको उल्लेखनीय सहभागिता रहेको थियो । सहभागीहरूले 'परिवर्तनका लागि घण्टीमा मत हालौँ' भन्ने नारासहित कानुको अभियानमा उत्साह देखाएका थिए ।

# जसपा नेता जटाशंकर यादव एमालेमा प्रवेश

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा निर्वाचन क्षेत्र नम्बर ३ अन्तर्गत बहुदरमाई नगरपालिका वडा नम्बर १ निवासी तथा जनता समाजवादी पार्टी (जसपा) का वडा कमिटी अध्यक्ष जटाशंकर यादव नेकपा (एमाले) मा प्रवेश गरेका छन् । रंगपुरस्थित एमाले सम्पर्क कार्यालयमा आयोजित कार्यक्रममा एमालेका केन्द्रीय सदस्य तथा पर्सा जिल्ला इन्चार्ज प्रभु हजरा, पर्सा–३ का प्रतिनिधिसभा सदस्यका युवा उम्मेदवार रूपेश कुमार पाण्डे तथा नेता हरीबाबु चौधरीले खादा तथा टीका लगाएर यादवलाई पार्टीमा स्वागत गरेका हुन् ।

बहुदरमाई नगरपालिकाका नगर प्रमुख सिगाशन साहको सक्रिय पहल र समन्वयमा सम्पन्न उक्त कार्यक्रमलाई एमालेले संगठन विस्तारको महत्वपूर्ण कडीका रूपमा लिएको जनाएको छ । स्थानीय तहमा प्रभावशाली छवि बनाएका यादवको आगमनले बहुदरमाई क्षेत्रमा एमालेको सांगठनिक पकड थप मजबुत हुने विश्वास पार्टी नेतृत्वले व्यक्त गरेको छ ।

यसअघि बिहीबार पनि जसपाका मधुसुधन चौरसियासहितका नेता तथा कार्यकर्ताहरू एमालेमा प्रवेश गरेका थिए । पर्सा–३ मा युवा उम्मेदवार पाण्डेले विकास, सुशासन र स्थायित्वका एजेन्डा अघि सार्दै जनसमर्थन बढाइरहेको एमाले स्रोतको दाबी छ ।

एमाले वृत्तले यस प्रवेशलाई पर्सा–३ मा पाण्डेको पक्षमा देखिएको बढ्दो जनलहरको संकेतका रूपमा व्याख्या गरेको छ । पछिल्लो समय विभिन्न दलका स्थानीय नेता तथा कार्यकर्ताहरू एमालेमा प्रवेश गर्ने क्रम तीव्र बन्दै जाँदा पर्सा–३ को चुनावी प्रतिस्पर्धा थप रोचक बनेको छ ।

# 'दोस्रो जनकपुर अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' सुरु

**जनकपुरधाम ।**
नेपाली चलचित्र क्षेत्रको अन्तरराष्ट्रियकरण, बजार प्रवद्र्धन, सम्भावना र अवसरको खोजी गर्ने उद्देश्यका साथ 'दोस्रो जनकपुर अन्तरराष्ट्रिय चलचित्र महोत्सव' सुरु भएको छ ।

संवाद फाउण्डेशनको आयोजनामा फागुन ११ गतेसम्म जनकपुरस्थित मैथिली भवनमा सञ्चालन हुने महोत्सवमा मैथिली, नेपालीसहित विदेशी भाषाका ६० चलचित्र प्रदर्शन, समूहगत छलफललगायत गतिविधि हुने महोत्सवका अध्यक्ष कुमार भास्करले जानकारी दिए ।

उनले भने, 'जनकपुरले मिथिलाञ्चललाई प्रतिनिधित्व गर्छ, महोत्सवले यसलाई उजागर गर्नेछ । हामी हाम्रो सभ्यता र संस्कृति विश्वलाई देखाउन र बुझाउन चाहन्छौँ । यो महोत्सवले मैथिली भाषालाई नेपाली चलचित्रसँग जोड्ने छ ।' उनले नेपाली चलचित्रको अन्तरराष्ट्रियकरण, युवा चलचित्रकर्मीलाई उत्प्रेरित गर्ने र सांस्कृतिक विविधताको प्रवद्र्धन गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको जानकारी दिए ।

महोत्सवको पहिलो दिन उद्घाटन समारोहमा राजर्षिजनक विश्वविद्यालयका उपकुलपति अमरप्रसाद यादवले महोत्सवले चलचित्रमा आफ्नो भविष्य देख्नेलाई गन्तव्य दिने बताए । 'हामीले आफ्नो पाठ्यक्रममा चलचित्रलाई राखेर यससम्बन्धी रुची राख्नेलाई शिक्षा दिन छलफल गरिरहेका छौँ । यस किसिमका महोत्सवले हामीलाई नेपालमा बनेका चलचित्रसँगै विश्वभर बनिरहेका चलचित्रको बारेमा जानकारी दिन्छ । साथै, स्वदेशीसँगै विदेशी चलचित्रकर्मी ल्याएर यहाँ जनकपुरमा कार्यक्रम गर्नु पर्यटकीय हिसाबले हामीलाई फाइदा पुगेको छ,' उनले भने ।

चलचित्र समीक्षक समाजका अध्यक्ष समीप्याराज तिमल्सेनाले उपत्यकाबाहिर हुने महोत्सवले बजार प्रवद्र्धनमा सघाउने बताए । 'तराईमा चलचित्रको राम्रो दर्शक छन्, यहाँ चलचित्र भवनकको सङ्ख्या पनि राम्रो छ, तर हामीले स्वदेशी चलचित्रमा ती दर्शक पाउन सकेका छैनौँ । यस्ता महोत्सवले यहाँ मैथिली चलचित्रसँगै अन्य स्वदेशी भाषाका चलचित्रप्रति स्थनीयलाई आकर्षित गर्छ, त्यसैले यस्ता महोत्सवको महत्व छुट्टै हुन्छ । मैथिली भाषाका चलचित्रमा काम गरिरहेकालाई यस्ता महोत्सवले ज्ञान र प्रेरणा दिन्छ,' उनले भने ।

महोत्सवको सुरुआत नानीसरा वाकरद्वारा निर्देशित चलचित्र 'शक्ति' प्रदर्शन गरिएको थियो । महोत्सवमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय गरी ६० चलचित्र प्रदर्शनी, विभिन्न समूहगत छलफल, चलचित्रसम्बन्धी प्रशिक्षण कार्यशालालगायत गतिविधि सञ्चालन हुने आयोजकले जनाएको छ । रासस

## सम्पादकीय

# मधेशको विकास:
# घोषणापत्रको सुन्दरता र धरातलीय यथार्थ

नेपालका प्रमुख राजनीतिक दलहरूले आफ्ना चुनावी घोषणापत्रहरूमा मधेशलाई विशेष प्राथमिकता दिएको दाबी गरिरहेका छन् । ठूला दलहरूले हुलाकी राजमार्गको पूर्णता, सिँचाइ आयोजना, र मधेशका सहरहरूलाई 'म्युचुअल कनेक्टिभिटी' मार्फत औद्योगिक करिडोर बनाउने आश्वासन दिएका छन् । तर, यी घोषणापत्रहरू विगतका प्रतिबद्धताहरूको पुनरावृत्ति जस्ता देखिन्छन् । हरेक निर्वाचनमा दोहोरिने 'मधेश उत्थान' का नाराहरू यसपटक पनि आकर्षक शब्दजालमा बेरिएका छन्, तर ती कार्यान्वयनको ठोस खाका प्रस्तुत गर्न भने चुकेका देखिन्छन् ।

यसपटक मधेशको राजनीति झन् रोचक बनेको छ, किनकि राष्ट्रिय तहका शीर्ष दलका अध्यक्षहरू नै मधेशका विभिन्न क्षेत्रबाट उम्मेदवार बनेका छन् । शीर्ष नेताहरूको उपस्थिति हुनु आफैँमा मधेशको राजनीतिक वजन बढ्नु हो । उनीहरूले मधेशलाई 'नेपालको आर्थिक इन्जिन' त भनेका छन्, तर मधेशको भित्री तहमा रहेको गरिबी, बेरोजगारी र कृषि क्षेत्रको दुरावस्था हटाउन कुन नेताको धारणा बढी 'वैज्ञानिक' छ भन्ने प्रश्न अनुत्तरित नै छ । कुनै नेताले ठूला भौतिक पूर्वाधारलाई जोड दिएका छन् भने कसैले पहिचान र अधिकारको मुद्दालाई अझै पनि आफ्नो मुख्य हतियार बनाएका छन् ।

विकासको 'वैज्ञानिक' धारणा त्यो हो जसले मधेशको जनसांख्यिक लाभ र भौगोलिक सुगमतालाई जोड्न सकोस् । केवल सडक बनाउनु मात्र विकास होइन; चुरे विनाश रोक्दै तराईको मरुभूमिकरण बचाउनु र कृषिको आधुनिकीकरण गर्नु आजको वैज्ञानिक आवश्यकता हो । केही नयाँ दलहरूले 'डिजिटल मधेश' र 'शिक्षामा क्रान्ति' को कुरा गरेर युवा पुस्तालाई आकर्षित गर्न खोजेका छन्, जुन परम्परागत राजनीतिको तुलनामा केही हदसम्म प्रगतिशील देखिन्छ । तर, पुरानो कर्मचारीतन्त्र र भ्रष्टाचारको जालो नतोडी यस्ता धारणा कागजमै सीमित हुने डर छ ।

के दलहरूले मधेशलाई सम्बोधन गर्न सके त ? यसको उत्तर मिश्रित छ । अधिकारको आन्दोलनबाट विकासको एजेन्डासम्म आइपुग्दा मधेशले धेरै गुमाएको र थोरै पाएको अनुभव गर्छ । नागरिकताको समस्या र संविधानप्रतिको केही असन्तुष्टिहरूलाई राजनीतिक दलहरूले चुनावी कार्डको रूपमा मात्र प्रयोग गरिरहेका छन् मधेशका जनता अहिले भावनात्मक नारामा भन्दा पनि परिणाममुखी काममा बढी विश्वास गर्न थालेका छन् । दलहरूले मधेशको मर्म बुझ्न त खोजेका छन्, तर सत्ता समीकरणको जोडघटाउमा मधेशका आधारभूत आवश्यकताहरू सधैँ छायामा पर्दै आएका छन् ।

निष्कर्षमा, घोषणापत्रहरू सपनाका पुलिन्दा मात्र हुनु हुँदैन । मधेशको विकासका लागि अब उम्मेदवारहरूको कद होइन, उनीहरूको कार्यक्षमता र नियतको परीक्षण हुनुपर्छ । शीर्ष नेताहरू मधेशबाट चुनाव लड्दै गर्दा उनीहरूमाथि यो क्षेत्रलाई राष्ट्रिय मूलधारको आर्थिक शक्तिको रूपमा उभ्याउने ठूलो चुनौती र जिम्मेवारी दुवै छ । मधेशले अब आश्वासन होइन, समयसीमा सहितको कार्यान्वयन र स्थानीय स्रोत–साधनको न्यायोचित वितरण खोजिरहेको छ ।

# प्रमुख राजनीतिक दलको घोषणापत्रमा ऊर्जा क्षेत्रलाई प्राथमिकतामा

**रमेश लम्साल/रासस**

प्रमुख राजनीतिक दलले मुलुकको आर्थिक समृद्धिसँग जोडिएको प्रमुख क्षेत्रका रूपमा ऊर्जा क्षेत्रलाई चित्रण गर्दै आफ्ना घोषणापत्रमा विशेष स्थान दिएका छन् । उनीहरूले विभिन्न समयसीमा निर्धारण गरेर कार्यान्वयन पक्षमा रहेको जटिलता हटाउने र ऊर्जा क्षेत्रमैत्री वातावरण बनाउने योजनासमेत अगाडि सारेका छन् ।

आन्तरिक खपतको वृद्धि, रोजगारी सृजना तथा ऊर्जा कूटनीतिमार्फत क्षेत्रीय बजारमा बिक्री गर्ने लक्ष्यलाई प्रमुख प्राथमिकतामा राखेका छन् । नीतिगत जटिलताको अन्त्य, आठ मन्त्रालय र २३ विभाग धाउनुपर्ने अवस्थाको अन्त्य गरी निजी क्षेत्रलाई धक खोलेर लगानी गर्ने वातावरण बनाउने विषय घोषणापत्रमा समेटिएका छन् । वाचापत्र, प्रतिबद्धतापत्रजस्ता नाम दिइएका राजनीतिक दलका घोषणापत्रमा यसपटक सबैको साझा एजेन्डाका रूपमा ऊर्जा क्षेत्र पर्न गएको छ ।

कुनै राजनीतिक दलले १० वर्षको योजना अगाडि सारेका छन्, कुनै राजनीतिक दलले पाँच वर्षको नीति अवलम्बन गर्ने लक्ष्य राखेको छ । सरकारले अगाडि सारेको सन् २०३५ सम्म २८ हजार मेगावाट बिजुली उत्पादन गर्ने लक्ष्यको हाराहारीमा नै रहेर प्रमुख दलले ऊर्जा मिश्रण तथा वैकल्पिक ऊर्जालाई पनि उत्तिकै प्राथमिकता दिएको देखिन्छ ।

कार्यक्रमिक रूपमा नेपाली कांग्रेसले 'पर्याप्त ऊर्जा ः दिगो विकास'को नारा दिएको छ । त्यसमा आगामी पाँच वर्षमा देशको कुल विद्युत् जडित क्षमता १४ हजार मेगावाट पुर्‍याउने लक्ष्य लिएको छ । उज्यालोमात्र होइन, आर्थिक उपार्जन सेयरबाट स्वरोजगारका रूपमा यो दलले यस क्षेत्रको दिगो र दीर्घकालीन विकासलाई प्रमुख प्राथमिकतामा राखेको छ ।

यस्तै, प्रतिव्यक्ति विद्युत् खपत ७५० युनिट पुर्‍याउने, बढ्दो खपत, घट्दो महसुलको अवधारणा लागू गर्ने, राष्ट्रिय ऊर्जा सुरक्षा नीति बनाई ऊर्जा पूर्वाधारलाई सुदृढ बनाउँदै नागरिकलाई स्वच्छ र गुणस्तरीय ऊर्जा सुनिश्चित गर्ने कांग्रेसको योजना छ । यस्तै, पेट्रोल, डिजेललाई क्रमशः प्रतिस्थापन गर्दै जाने लक्ष्य कांग्रेसको छ ।

'नेपाली कांग्रेसले ऊर्जा विकासलाई प्राथमिकतामा राखेको यथार्थ पार्टीको सरकारले २०४९ सालमा ल्याएको जलविद्युत् विकास नीति र हालसम्म पनि प्रचलनमा रहिरहेको विद्युत् ऐन, २०४९ का साथै जलविद्युत् विकास नीति, २०५८ बाट स्पष्ट हुन्छ', सो दलको घोषणापत्रमा भनिएको छ ।

ठूलाठूला राजनीतिक परिवर्तन र सङ्क्रमणकालीन अस्थिरताले गर्दा अन्य क्षेत्रझैँ ऊर्जा उद्योगले पनि नीतिगत सुधारको यथोचित लाभ लिन नसकेको यर्थाथता कांग्रेसले स्वीकार गरेको छ ।

कांग्रेसले लागू गरेको उदार जलविद्युत् नीतिकै जगमा आजको ऊर्जा उद्योग उभिएको दाबी गरिएको छ । अनुभवी प्राविधिक जनशक्तिको उपलब्धता र बंैकहरूको सुधारिएको दक्षताले लगानीको वातावरण थप सुदृढ बनेको बैंक तथा वित्तीय संस्थाले परियोजना बुझेर लगानी गर्न थालेकाले वित्तीय पहुँच बढेको कांग्रेसको स्वीकारोक्ति छ ।

नेपाली निजी क्षेत्रले अहिले ठूला जलविद्युत् आयोजना निर्माण गर्न सक्ने आत्मविश्वास र क्षमता हासिल गरेको उल्लेख गर्दै सो दलले यस प्रकारको उत्साहलाई ठोस नतिजामा बदल्न आवश्यक नीतिगत सहजता र वित्तीय स्रोतको सही परिचालन गर्न सकिएको खण्डमा जलविद्युत् क्षेत्र मुलुकको औद्योगिक क्रान्तिको मुख्य आधार बन्ने उल्लेख गरेको छ ।

कांग्रेसले ऊर्जा सुरक्षालाई मध्यनजर गरी राष्ट्रिय ऊर्जा सुरक्षा नीति तय गर्ने, मुलुकको आर्थिक उन्नति, गरिबी निवारण र वातावरण संरक्षणसँग जोडेर हरेक नागरिकका लागि भरपर्दो र आधुनिक ऊर्जा सुनिश्चित गर्दै उर्जामा आत्मनिर्भर बन्ने कार्यक्रम समेटेको छ ।

कांग्रेसको प्रतिज्ञापत्रमा बुढीगण्डकी र दूधकोशीजस्ता ठूला आयोजना अघि बढाउने र हाल करिब ४ सय ५० युनिटको हाराहारीमा रहेको प्रतिव्यक्ति विद्युत् खपतलाई आगामी पाँच वर्षभित्र ७ सय ५० युनिट पुर्‍याउने विषयलाई प्राथमकितामा राखेको छ ।

बढ्दो खपत घट्दो महसुलको अवधारणालाई कार्यान्वयनमा लैजाने लक्ष्य राखेको कांग्रेसले हाल करिब चार हजार मेगावाट विद्युत् जडित क्षमता रहेकामा अन्तरराष्ट्रिय एवम् निजी क्षेत्रको समेत सामूहिक लगानी जुटाएर सौर्य विद्युत्सहित थप करिब १० हजार मेगावाट क्षमताका आयोजनालाई निर्माण चरणमा लैजाने बताएको छ । त्यसका लागि नीतिगत र नियामकीय सुधार गरी कुल जडित क्षमता वृद्धि गर्ने बताएको छ ।

कांग्रेसले सरकारबाट 'भायाबिलिटी ग्याप फन्डिङ' उपलब्ध गराउँदै बुढीगण्डकी र दूधकोशीजस्ता जलाशययुक्त एवम् अर्धजलाशययुक्त बेतन कर्णाली र चैनपुर सेती आयोजनाको निर्माण राष्ट्रिय प्राथमिकताका साथ सुरु गर्ने बताएको छ ।

विगत ३० वर्षदेखि अलपत्र रहेको पञ्चेश्वर बहुउद्देश्यीय आयोजनालाई राष्ट्रिय हितको अधिकतम रक्षा गर्दै प्राविधिक र राजनीतिक सहमतिमार्फत कार्यान्वयनमा लैजान गम्भीर पहल गर्ने कांग्रेसको प्रतिबद्धता छ ।

जलविद्युत् आयोजनाले पालना गर्नुपर्ने वन, जग्गा प्राप्ति र वातावरणीय प्रभाव मूल्याङ्कनको प्रक्रियालाई छ महिनाभित्र टुङ्ग्याउने गरी एकद्वार प्रणालीको व्यवस्थासहित कानूनी सुधार गर्ने विषय प्राथमिकतामा छ ।

हाल आयोजना प्रभावित स्थानीय बासिन्दाका लागि छुट्याइएको जलविद्युत् कम्पनीहरूको १० प्रतिशत अग्राधिकार सेयर खरिद गर्न सम्बन्धित विपन्न परिबारका लागि लाभांशबाट क्रमशः तिर्दै जानेगरी सहुलियतपूर्ण ऋणको नीतिगत व्यवस्था गर्ने कांग्रेसको योजना छ । आयोजना निर्माणमा संलग्न नेपाली नागरिक श्रमिकलाई पनि त्यस्तो सेयर खरिद गर्ने व्यवस्था र आर्थिक सहुलियत प्रदान गरिने भएको छ ।

स्वदेशी खपतपछि जगेडा हुनजाने विद्युत् निर्यातका लागि अन्तरदेशीय व्यापारमा रहेका जटिलता फुकाउन छिमेकी देशहरूसँग राजनीतिक र कूटनीतिक पहलमा जोड दिने, नेपाल–भारत विद्युत् व्यापारलाई उपक्षेत्रीय तहसम्म विस्तार गर्न प्रभावकारी आर्थिक कूटनीति अवलम्बन गर्ने कांग्रेसको योजना छ ।

'स्वच्छ ऊर्जा, स्वदेशमा खपत हरित विकास, विदेशमा निर्यात' नाराका साथ नेपाल कम्युनिस्ट पार्टी (एमाले)ले जलविद्युत्, सौर्य, ग्रीन हाइड्रोजनसमेतको नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण र वितरणका आयोजना सम्पन्न गर्ने योजना अगाडि सारेको छ ।

ऊर्जा सुरक्षाको प्रत्याभूति दिनुका साथै नेपाललाई दक्षिण एसियाको स्वच्छ ऊर्जा निर्यातक हबका रूपमा विकास गर्ने, विद्युत् उत्पादन र प्रतिव्यक्ति विद्युत् उपभोग दोब्बर बनाउने कार्यक्रम सो दलले आफ्नो घोषणापत्रमा समावेश गरेको छ ।

स्वच्छ ऊर्जा उत्पादन र प्रसारण तथा वितरण प्रणाली निर्माण गर्नका लागि राज्यको लगानी वृद्धि गर्ने एमालेको कार्यक्रम छ । निजी क्षेत्रलाई उत्पादनसँगै प्रसारण लाइन निर्माण र विद्युत् निर्यात गर्न उपयुक्त वातावरण विकास गर्ने एमालेको प्रतिबद्धता छ । जलविद्युत्, सौर्य ऊर्जा र ग्रीन हाइड्रोजनसमेत विकास गरी ऊर्जा आपूर्तिको विश्वसनीय प्रणाली स्थापित गर्ने सो दलको भनाइ छ ।

हिउँदको समयमा समेत विद्युत् आपूर्तिको समस्या नरहनेगरी माथिल्लो अरुण, दूधकोशी र बुढीगण्डकी आयोजनाको कार्यान्वयन गर्ने तथा निजी विद्युत् आयोजना निर्धारित समयमा सम्पन्न गर्ने सबै प्रकारको प्रयास गर्ने सो दलको कार्यक्रममा समावेश छ ।

सुनकोशी–मरिन तथा भेरी बबईजस्ता नदी पथान्तरणका सिँचाइ तथा विद्युत् आयोजना सम्पन्न गर्ने, कृषि, उद्योग, यातायात, पर्यटन, शिक्षा, स्वास्थ्य, व्यापार, व्यवसाय र वित्तीय क्षेत्रबाट हुने ऊर्जाको मागलाई प्राथमिकताका साथ आपूर्ति गरिने विषयलाई एमालेले प्राथमितामा राखेको छ ।

कुल गार्हस्थ्य उपभोगमा विद्युत्को खपतलाई प्रोत्साहित गर्ने, तराई, उपत्यका र टारमा डिपबोरिङ तथा लिफ्ट प्रणालीबाट सिँचाइ गर्न आवश्यक विद्युत सेवा सुपथ महसुलमा उपलब्ध गराउने एमालेको घोषणापत्रमा उल्लेख गरिएको छ ।

सामुदायिक विद्युतीकरणलाई प्रोत्साहन गर्न सामुदायिक विद्युत् उपभोक्ता संस्थाहरूको दिगो व्यवस्थापनका लागि मौजुदा नीति, कानून र नियमलाई पुनरावलोकन गरी जनताको घरदैलोमा दैनिक उपभोगका लागि विद्युतीय सेवालाई सर्वसुलभ बनाउने लक्ष्य निर्धारण गरिएको छ ।

ग्रामीण क्षेत्रमा साना तथा मझौला उद्योग सञ्चालनका लागि र कृषिको औद्योगिकीकरणका लागि ऊर्जाको समुचित व्यवस्था गर्न सामुदायिक विद्युत् उपभोक्ता संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम एमालेको रहेको छ ।

नेपाली कम्युनिस्ट पार्टीले विशेष प्राथमिकताका साथ ऊर्जा तथा पूर्वाधार विकासलाई आफ्नो प्रतिबद्धतापत्रमा समावेश गरेको छ । त्यसमा जलविद्युत्, नवीकरणीय ऊर्जा तथा एकीकृत करिडोरको विषय अगाडि सारिएको छ ।

नेकपाले प्रतिव्यक्ति विद्युत् खपत पाँच वर्षमा ७ सय ५० किलोवाट घण्टा पुर्‍याउने विषय समावेश गरेको छ । हाल नै प्रतिव्यक्ति विद्युत् खपत ३ सय ८० किलोवाट घण्टाबराबर पुगेको छ ।

त्यसैगरी, विसं २१०० सम्म ४० हजार मेगावाट बिजुली उत्पादन गर्ने दीर्घकालीन लक्ष्य नेकपाले तय गरेको छ । विद्युत् उत्पादनको प्रक्रिया सुरु गर्दा १० हजार जनाले प्रत्यक्ष वा परोक्ष रूपमा रोजगारी पाउने अवस्थामा नेकपाले ऊर्जा क्षेत्रलाई समृद्धिको आधारका रूपमा व्याख्या गरेको छ ।

यस्तै, आगामी पाँच वर्षमा १० हजार मेगावाट बिजुली थप गर्ने लक्ष्य समेत नेकपाको प्रतिबद्धतापत्रमा उल्लेख छ । हाल निर्माणमा रहेका आयोजना, निर्माणमा जान ठिक्क भएका आयोजना र निर्माण सकिने चरणमा रहेका आयोजना जोडिनेबित्तिकै यो लक्ष्य पूरा हुन्छ ।

यस्तै, भारत र बङ्गलादेशमा थप व्यवस्थित तरिकाले बिजुली निर्यात गर्ने नेकपाको प्रतिबद्धतापत्रमा उल्लेख छ । केही कानूनी प्रश्नहरूको तत्काल समाधान गर्ने उल्लेख गरेको नेकपाले समाधान गर्ने र नेपाल विद्युत् प्राधिकरण, विद्युत् विकास विभागजस्ता संस्थाको नेतृत्वमा कामकाजी मान्छे ल्याउनेबित्तिकै सबैभन्दा देखिनेगरी प्रगति यही ऊर्जा क्षेत्रमा नै हुने देखिन्छ । नेकपाले ऊर्जा क्षेत्रलाई विशेष प्राथमिकतामा राखेर प्रतिबद्धतापत्रमा समावेश गरेकाले पनि यो वस्तुनिष्ठ र व्यावहारिक देखिन्छ । उज्यालो नेपालको नेतृत्वकर्ता भएकाले नेकपाको प्रतिबद्धतापत्र अन्यको तुलनामा वैज्ञानिक र कार्यान्वयनमुखी रहेको देखिन्छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीले आगामी दशकमा ३० हजार मेगावाट बिजुली उत्पादन गर्ने महत्वाकाङ्क्षी लक्ष्य निर्धारण गरेको छ । ऊर्जा विकासलाई तीव्रता दिन भूमि, वन तथा वातावरणसम्बन्धी विद्यमान कानूनमा सुधार र परिमार्जन गरिनेछ । यस्तै, हाल आठ मन्त्रालय र २३ विभाग धाउनुपर्ने अवस्थाको अन्त्य गरी एकल बिन्दु सेवा केन्द्रमार्फत काम हुने वातावरण बनाउने सो दलको ः योजना छ ।

जलस्रोत नीतिको तयारी गरी लागू गर्ने, पम्प स्टोरेज वा अन्य प्रविधिमा आधारित भण्डारण, वितरण प्रणालीमा निजी क्षेत्रमैत्री वा सहभागितामा काम गर्ने सो दलको प्रतिबद्धतापत्रमा उल्लेख छ ।

यस्तै, सौर्य प्रणालीको विकास र विस्तार, आन्तरिक विद्युत् खपत वृद्धि उद्योगसम्म प्रसारण लाइन विस्तार गर्ने योजना अगाडि सारेको सो दलले ऊर्जामा आधारित ठूला उद्योगको विकास गर्ने लक्ष्य राखेको छ । सिमेन्ट, रासायनिक मल उद्योग, डाटा सर्भर, वितरण प्रणालीमा सुधार गरिनेछ । यस्तै, बिजुलीको महसुलमा पुनर्संरचना, सन् २०३५ सम्म प्रतिव्यक्ति खपत एक हजार ५०० किलोवाट घण्टा पुर्‍याउने लक्ष्य राखिएको छ ।

ऊर्जा निर्यातका लागि भारत र बङ्गलादेशसँग ऊर्जा कूटनीतिक अवलम्बन गरी अप्लकालीन, मध्यकालीन र दीर्घकालीन ऊर्जा व्यापार सम्झौता गर्ने सो दलको कार्यक्रम छ । यस्तै, सीमापार प्रसारण लाइनको विस्तार, ऊर्जा बजार पहुँच र स्थिर खरिद बिक्री संरचनामार्फत नेपाललाई विश्वसनीय ऊर्जा आपूर्तिकर्ता बनाउने लक्ष्य सो दलले राखेको छ ।

उज्यालो नेपाल पार्टीले पनि ऊर्जा क्षेत्रको विकास र विस्तारका लागि महत्त्वपूर्ण योजना र कार्यक्रम अगाडि सारेको छ । निर्वाचनमा भाग लिन लागेका अधिकांश राजनीतिक दलको प्रतिबद्धतामा ऊर्जा क्षेत्रले विशेष प्राथमिकता पाएको छ । आर्थिक समृद्धिको प्रमुख आधारका रूपमा यो क्षेत्र स्थापित हुँदा बेरोजगारीको अन्त्य, आर्थिक विकास र समृद्धिको ढोका खुल्ने जानकारहरूको टिप्पणी छ । यस्तै, केहीले भने कार्यान्वयनको प्रक्रियामा जाँदा के–कसो हुने हो, त्यसलाई मध्यनजर गरेर मात्र यस विषयलाई थप प्रष्ट पार्न सकिने उल्लेख गरेका छन् ।

# आँसु बोकेर परदेश, रोग र पीडा बोकेर स्वदेश फर्किएकी सीता

**दिपक चन्द/रासस**

परदेश जाने निर्णय रहरले हुँदैन, बाध्यताले हुन्छ । ऋण, गरिबी र सन्तानको भविष्यले जब एकैचोटि थिच्छ, तब आफ्नै माटो छोड्नुबाहेक अरू विकल्प बाँकी रहँदैन ।

मेचीनगर नगरपालिका–८ की सीता थापामगर पनि यही बाध्यताको यात्रामा परदेशिइन् । कुबेतदेखि लेबनान र साउदी अरबसम्म फैलिएको उनको जीवन यात्रा वैदेशिक रोजगारीको अवसरभन्दा बढी सङ्घर्ष, पीडा र रोगसँगको लडाइँको दस्तावेज बनेर स्वदेश फर्किएको छ ।

सीताको विवाह १६ वर्षकै उमेरमा २०४७ सालमा भयो । किशोरावस्थामै गृहस्थीको जिम्मेबारी सम्हाल्न थाल्नुभएकी सीताले छोटो समयमै मातृत्वको अनुभव पनि गरिन् । एक छोरा र एक छोरीको जन्मसँगै जीवनले नयाँ अर्थ लिँदै थियो । तर उनको उमेर २५ वर्ष नपुग्दै श्रीमान्को निधन भयो । श्रीमान् गुमाउँदा सीताले केवल जीवनसाथी मात्र गुमाइनन् । उपचारका क्रममा लागेको ऋण पनि उनकै काँधमा आइप¥यो ।

श्रीमान्को मृत्युपछि परिबारको सम्पूर्ण जिम्मेबारी सीतामाथि आयो । ससाना छोराछोरी, सासू–ससुरा र घरखर्च—सबै एक्लैले धान्नुपर्ने अवस्था आयो । नेपालमै मजदुरी गरेर ऋण तिर्न र परिबार पाल्न सम्भव नदेखिएपछि उनले परदेश जाने कठिन निर्णय लिइन् । आफन्तको सहयोगमा भारतको बाटो हुँदै भिजिट भिसामा २०६२ सालतिर सीता कुबेत पुगिन् । कुबेत जान करिब २० हजार रुपैयाँ खर्च भएको थियो, जुन रकम जुटाउन नै उनलाई सङ्घर्ष गर्नुपरेको थियो ।

कुबेतमा सीताले घरेलु कामदारका रूपमा काम सुरु गरिन् । मासिक करिब आठ हजार नेपाली रुपैयाँ पारिश्रमिक पाउँथिन् । तर परदेशी जीवन उनका लागि सहज थिएन । बिहानदेखि रातिसम्म निरन्तर काम गर्नुपर्ने, पर्याप्त आरामको अभाव, भाषागत कठिनाइ र असुरक्षित कार्य वातावरणसँग उनले दिनहुँ जुधिरहनुप¥यो । आफ्नो दुःख व्यक्त गर्ने ठाउँ र भरोसाको आधार नहुँदा मानसिक रूपमा पनि उन कमजोर बन्दै गइन् । राम्रो साहु नपर्दा गालीगलौज, अपमान र मानसिक तनाव सहनु परेको अनुभव सीता सुनाउँछिन् । यस्ता कठिन परिस्थितिबीच पनि उनले हार मानिन् । चार वर्षसम्मको कुबेत बसाइँमा भोगिएका पीडा र सङ्घर्षकै बीच श्रीमान्को उपचारका क्रममा लागेको ऋण तिर्न भने उनी सफल भइन् ।

ऋण तिरेर नेपाल फर्केपछि सीताले स्वदेशमै बस्ने योजना बनाइन् । परिवारसँगै बसेर छोराछोरीको हुर्काइ र शिक्षामा ध्यान दिने उनको चाहना थियो । तर समयसँगै छोराछोरी हुर्कंदै गए र उनीहरूको शिक्षा–दीक्षा, खानपान तथा दैनिकीका खर्च क्रमशः बढ्दै गयो । दैनिक जीवन चलाउनकै लागि पनि आर्थिक दबाब बढ्दै जाँदा परिबारको दायित्व घट्नुको सट्टा झन् थपिँदै गयो । नेपालमै सीमित आम्दानीका स्रोतले ती सबै जिम्मेबारी धान्न कठिन भएपछि सीता फेरि पनि परदेशकै बाटो रोज्न बाध्य भइन् । यसपटक भने उनले अघिल्ला अनुभवबाट सिक्दै मेनपावरमार्फत कानूनी प्रक्रियाबाट वैदेशिक रोजगारीमा जाने निर्णय गरिन् ।सोही क्रममा २०६८ सालमा ६० हजार रुपैयाँ खर्चेर सीता मेनपावर कम्पनीमार्फत लेबनान पुगिन् ।

लेबनानमा उनको काम एक वृद्ध आमाको हेरचाह गर्ने थियो । काम तुलनात्मक रूपमा सहज थियो र मासिक करिब १५ हजार नेपाली रुपैयाँ जति पारिश्रमिक पाउँथिन् । सीता स्थिर आम्दानी र कामको सहजताले उनी केही सन्तुष्ट थिइन् । तीन वर्षसम्म लेबनानको बसाइँ सामान्य रूपमा चलिरहेको थियो । तर जीवनले फेरि उनलाई ठूलो पीडा दियो । लेबनानमै काम गरिरहेको अवस्थामा नेपालबाट आएको खबरले सीताको जीवन फेरि बदलियो । उनका किशोर छोरा घरमै असामयिक निधन भएको खबर आयो ।

यो खबर सीताको जीवनकै सबैभन्दा ठूलो आघात बन्यो । आमाका लागि सन्तान गुमाउनु शब्दले व्यक्त गर्न नसकिने पीडा हो । परदेशमा बसेर सुनेको यो दुःखद समाचारले उनलाई गहिरो मानसिक चोट पु¥यायो । तीनवर्षे लेबनान बसाइँ पूरा हुन नपाउँदै सीता सबै काम छोडेर नेपाल फर्किइन् । घर फर्किएपछि केही समय उन स्वदेशमै बसिन् । शोकको पीडा, परिबारको अवस्था र बाँकी जिम्मेवारी सम्हाल्ने प्रयासमै उनका दिन बित्न थाले । छोराको असामयिक निधनको पीडाले मन भारी रहँदा पनि जीवन चलाउनुपर्ने बाध्यता टरेन । यही क्रममा आर्थिक अभाव फेरि पनि उनको जीवनमा उपस्थित भयो, जसले सीतालाई पुनः कठिन निर्णयतर्फ धकेल्ने परिस्थिति सिर्जना ग¥यो ।

दुई वर्षपछि सीता पुनः मेनपावरमार्फत साउदी अरब पुगिन् । साउदीमा उनले अस्पतालमा क्लिनरका रूपमा काम गरिन् । कामको प्रकृति शारीरिक रूपमा मेहनतिलो थियो र लामो समयसम्म निरन्तर काम गर्नुपर्ने अवस्था रहन्थ्यो । पाँच वर्षसम्म लगातार काम गर्दा परिवारको जिम्मेवारी पूरा गर्नेतर्फ ध्यान केन्द्रित हुँदा आफ्नो स्वास्थ्यप्रति भने पर्याप्त ध्यान दिन नसकेको उनी बताउँछिन् । यही क्रममा घाँटीमा समस्या देखाप¥यो । प्रारम्भमा सामान्य समस्या ठानेर बेवास्ता गरिए पनि समस्या बढ्दै गएपछि साउदीमै चार महिना उपचार गराइन् तर उपचारबाट अपेक्षित सुधार हुन सकेन । स्वास्थ्य अवस्था थप जटिल बन्दै गएपछि अन्ततः उनी नेपाल फर्किइन् । नेपाल आएपछि चितवनस्थित भरतपुर क्यान्सर अस्पतालमा जाँच गराउँदा उनलाई दोस्रो चरणको घाँटीको क्यान्सर भएको पुष्टि भयो, जसले सीताको जीवनमा अर्को ठूलो चुनौती थपिदियो ।

क्यान्सरको खबरले सीताको जीवनमा अर्को ठूलो चुनौती थपियो । उपचारका क्रममा हालसम्म १४ लाख रुपैयाँभन्दा बढी खर्च भइसकेको छ । अझै पनि नियमित उपचार र 'फलोअप' का लागि भरतपुर धाउनुपर्ने अवस्था छ । सीमित आम्दानी र स्रोतका बीच थोरै बचत, ऋण तथा आफन्तको सहयोगमा उनले उपचारलाई निरन्तरता दिइन् । शारीरिक पीडा, मानसिक तनाव र आर्थिक दबाबका बाबजुद पनि उनले हार मानिन् । लामो सङ्घर्षपछि उन क्यान्सरमाथि विजय पाउन सफल भइन् । तर उपचारमा लागेको ठूलो खर्च र निरन्तर स्वास्थ्य हेरचाहको आवश्यकताले उनको जीवन अझै पनि पूर्ण रूपमा सहज बन्न सकेको छैन ।

मेचीनगर नगरपालिकाले आयोजना गरेको एक अभिमुखीकरण कार्यक्रममा सहभागी हुँदा मात्रै सीताले वैदेशिक रोजगार बोर्डबाट गम्भीर बिरामी उपचार सहयोग पाउन सकिने जानकारी पाइन् । तर उनका लागि आवेदन गर्ने समयसीमा गुज्रिसकेको थियो । 'यो जानकारी मलाई समयमै किन कसैले दिएन?' भन्ने प्रश्न आज पनि उनको मनमा घुमिरहन्छ । यद्यपि, वैदेशिक रोजगार म्यादी बीमाबाट भने सीताले गम्भीर बिरामी बापतको केही रकम पाउन सफल भइन् ।

हाल सीता थापामगर मेचीनगर–८ मै रहेको दुई कट्ठा जमिनमा बनेको सानो घरमा बसोबास गर्दै आएकी छिन् । उनकी कान्छी छोरी हाल रोजगारीका लागि युएईमा छिन् । छोरीकै आम्दानीले अहिले उनको उपचार र दैनिकी चलेको छ । 'विदेश जानु कसैको रहर होइन, बाध्यता हो,' सीता भन्छिन्, 'तर विदेश जानुअघि धेरै सोचविचार गर्नुपर्छ, आफ्नो स्वास्थ्य र सुरक्षालाई पनि उत्तिकै महत्व दिनुपर्छ ।' सीताको जीवन कथा केवल एउटी महिलाको सङ्घर्षको कथा होइन । यो हजारौँ नेपाली वैदेशिक श्रमिकहरूको साझा यथार्थ हो । युवावस्थामा परदेशमा पसिना बगाउने, परिबारका लागि सपना साँच्ने र उमेर ढल्किँदा रोग, पीडा र आर्थिक अभाव बोकेर स्वदेश फर्किनुपर्ने बाध्यता धेरै नेपालीले भोगिरहेका छन् । सूचना र पहुँचको अभावले उनीहरूको पीडा अझ गहिरो बनेको छ ।


सीता थापामगरको कथा वैदेशिक रोजगारीको चम्किलो पक्षभन्दा परको वास्तविकता हो । ऋण तिर्न परदेश भएकी सीता आफैँ रोगी भएर फर्किन बाध्य भइन् । उनको अनुभवले राज्य, समाज र सरोकारवालालाई गम्भीर प्रश्न सोधिरहेको छ–वैदेशिक श्रमिकका लागि समयमै सूचना, स्वास्थ्य सुरक्षा र उपचार सहयोग कति प्रभावकारी छ ? सीताको जीवनले एउटा सन्देश दिन्छ–वैदेशिक रोजगारी समाधान मात्र होइन, जिम्मेवारी पनि हो । श्रमिकको श्रमसँगै उसको स्वास्थ्य, सुरक्षा र भविष्यको प्रत्याभूति राज्यले गर्न सके मात्र परदेशको पसिना अर्थपूर्ण बन्न सक्छ । नत्र, सीता थापामगरजस्ता श्रमिकका कथाहरू बाध्यताको इतिहास बनेर पुस्तौँसम्म दोहोरिइरहनेछन् ।

# प्रधानमन्त्री कार्कीद्वारा मुक्तिनाथको दर्शन

## निर्वाचन सफल पार्न निर्देशन



**मुस्ताङ ।**
प्रधानमन्त्री सुशीला कार्कीले यहाँको बारागुङ मुक्तिक्षेत्र–१ स्थित पवित्र मुक्तिनाथ मन्दिरको दर्शन गरेकी छन् ।
नेपाली सेनाको हेलिकोप्टरबाट मन्दिर पुगेकी प्रधानमन्त्री कार्कीले मुक्तिनाथस्थित १०८ धाराको जलसेचन गरी मुक्तिनाथ मन्दिरमा दर्शन गरेकी हुन् ।
मन्दिर दर्शनका लागि जाने क्रममा उनलाई बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिनजिन नामगेल गुरुङ, सहायक प्रमुख जिल्ला अधिकारी एकनारायण भण्डारी, मुक्तिनाथ विकास समितिका उपाध्यक्ष रिनजिन नाम्गेल गुरुङ, व्यवस्थापक दिनेश भुसाल र मुक्तिनाथ रानीपौवाका गाउँमुखीलगायतले स्वागत गरेका थिए ।
प्रधानमन्त्री कार्कीले सुरक्षाकर्मी र सहयोगीहरुसँगै करिब २ सय मिटरमाथि मन्दिर जाने क्रममा स्वदेशी तथा विदेशी दर्शनार्थी एवम् पर्यटकसँग भलाकुसारीसमेत गरेको सहायक प्रमुख जिल्ला अधिकारी भण्डारीले बताए ।
त्यस क्रममा बारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्ष गुरुङ र मुक्तिनाथ विकास समितिका व्यवस्थापक भुसालले प्रधानमन्त्री कार्कीसमक्ष मुक्तिनाथ मन्दिरमा भक्तजनले भोग्नुपरेका समस्याबारे जानकारी गराएका थिए ।
विकास समितिका उपाध्यक्ष गुरुङले मन्दिर क्षेत्रमा आवश्यक पूर्वाधार निर्माण योजनाबारे पुरातत्व विभागमा फाइल पेस भए पनि स्वीकृतिका लागि विलम्ब भइरहेकाले काम गर्न नसकिएको गुनासो गरिएको जानकारी दिए । 'मुक्तिनाथ मन्दिरमा दर्शनार्थीमैत्री पूर्वाधारका लागि चेन्जिङ रुम, १०८ धारा पुनर्निर्माण, एनएक्स भवन, आनी आवासलगायत आठवटा योजना पुरातत्वमा फाइल पेस गरेका छौँ । स्वीकृत हुन ढिलाइ भएकाले काम अगाडि बढेको छैन, यस विषयमा प्रधानमन्त्रीको मौखिक ध्यानाकर्षण गराइएको छ,' उनले भने ।
जवाफमा प्रधानमन्त्री कार्कीले यस विषयमा पुरातत्व विभागका महानिर्देशकसँग बुझेर आवश्यक प्रक्रिया अघि बढाउने जानकारी प्राप्त भएको मुक्तिनाथ विकास समितिका व्यवस्थापक भुसालले बताए ।
प्रधानमन्त्री कार्कीले मुक्तिनाथमा करिब एक घण्टा बिताएपछि नेपाल सेनाको हेलिकोप्टरमार्फत जोमसोमस्थित नेपाल सेनाको इन्द्रबक्स गण गएकी थिइन् ।
निर्वाचन सफल पार्न प्रधानमन्त्री कार्कीको निर्देशन
प्रधानमन्त्री कार्कीले यही फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न गर्न निर्देशन दिइकी थिइन् ।
जोमसोमस्थित इन्द्र बक्स गणमा आयोजित निर्वाचनलक्षित छलफल तथा अन्तरक्रियामा उनले निर्वाचनलाई शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्न निर्देशन दिएको प्रमुख जिल्ला अधिकारी अजिता शर्माले जानकारी दिइन् । प्रधानमन्त्री कार्कीको भनाइ उद्दृत गर्दै उनले भनिन्, 'निर्वाचनलाई सफल बनाउन दत्तचित्त भएर काम गर्नुहोस्, यहाँहरूले राम्रो काम गर्नुभएको छ, कुनै समस्या नआउने गरी तयारी गर्नुहोला ।'
प्रधानमन्त्री कार्कीलाई प्रमुख जिल्ला अधिकारी शर्माले जिल्लाको समग्र सुरक्षा अवस्था र निर्वाचनलक्षित सुरक्षा योजनाबारे जानकारी गराएकी थिइन् । यसैगरी जिल्ला मुख्य निर्वाचन अधिकृत विद्याराज पौडेलले प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि हालसम्म भएका कार्यप्रगतिलगायत विषयमा प्रधानमन्त्रीसमक्ष जानकारी गराए । रासस



नमुना मतदानः आसन्न प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै जिल्लाको भरतपुरमा सबै तहका सुरक्षाकर्मीहरू नमूना मतदान अभ्यास गर्दै । मतदानको क्रममा हुन सक्ने विभिन्न गतिविधि तथा सम्भावित चुनौतीहरूको व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा अभ्यास गरिएको हो । तस्बिरः रासस

# शिक्षा औपचारिक प्रमाणपत्रमा मात्र सीमित हुनुहुँदैनः प्रधानमन्त्री कार्की




**कास्की ।**
प्रधानमन्त्री सुशीला कार्कीले शिक्षा केवल औपचारिक प्रमाणपत्रमा सीमित हुन नहुने बताएकी छन् ।
शुक्रबार पोखरा विश्वविद्यालयको २१औँ दीक्षान्त समारोहलाई सम्बोधन गर्दै विश्वविद्यालयका कुलपतिसमेत रहेकी प्रधानमन्त्री कार्कीले समकालीन समाजको आवश्यकताअनुसार सीप, रोजगारी, उद्यमशीलता, नवप्रवर्तन तथा नैतिकवान् जनशक्ति उत्पादनतर्फ उन्मुख हुनुपर्नेमा जोड दिइन् ।
नवीन प्रविधि विकास, अनुसन्धानमा आधारित प्राज्ञिक क्रियाकलापमा बढावा दिनु आवश्यक रहेको भन्दै उनले विश्वविद्यालयका कार्यक्रमलाई अर्थतन्त्र सुदृढीकरणसँग प्रत्यक्ष जोड्न सक्नुपर्नेमा जोड दिइन् । आर्थिक समृद्धि र मानव कल्याणसँग जोड्न नसकिए ज्ञान वा पाठ्यक्रम सन्दर्भहीन हुने उनको भनाइ थियो । 'विश्वविद्यालयको अध्ययन पूरा गर्नासाथ ठूलो संख्यामा युवा विदेशतर्फ आकर्षित हुनु हाम्रो साझा चिन्ताको विषय हो ।
त्यसैले नवीन प्रविधि र तीव्र गतिमा बदलिँदो विश्व परिवेशमा आफूलाई कसरी अनुकूल बनाउने, कसरी प्रतिस्पर्धी र सक्षम बनाउनेतर्फ विद्यार्थी र विश्वविद्यालय दुवै केन्द्रित हुन आवश्यक छ,' प्रधानमन्त्री कार्कीले भनिन् ।
उनले परिवर्तनलाई अवसरका रूपमा ग्रहण गर्दै नवप्रवर्तन र उद्यमशीलताको बाटो समात्नु वर्तमान समयको अनिवार्य आवश्यकता भइसकेको बताइन् । स्थापनाकालदेखि नै पोखरा विश्वविद्यालयले व्यवस्थापन, विज्ञानलगायतका क्षेत्रमा उच्च शिक्षाको पहुँच विस्तारमा उल्लेखनीय योगदान पुर्याउँदै आएको भन्दै उनले प्रशंसा गरिन् ।
'अब गुणस्तरीयतामा ध्यान केन्द्रित गर्दै विश्व बजारको माग अनि प्रतिस्पर्धामा खरो उत्रन सक्ने जनशक्ति र ज्ञानको उत्पादनमा विशेष मेहनत गर्नुपर्ने देखिन्छ,' प्रधानमन्त्री कार्कीले भनिन्, 'दीक्षार्थीले प्राप्त गर्नुभएको प्रमाणपत्र रोजगारीको आधार मात्र होइन, यो नेपाली समाज र राष्ट्रका जटिल समस्या पहिचान गरी तिनका दीर्घकालीन समाधान खोज्न सक्ने क्षमताको द्योतक पनि हो । त्यसमा सफल बन्नुपर्छ ।'
प्रधानमन्त्री कार्कीले आजको युगमा युवा नै राजनेता, प्रशासक, नीति–निर्माता र समाज रूपान्तरणका अभियन्ता रहेको भन्दै त्यसको जग आजैबाट मजबुत बनाउनुपर्ने धारणा राखिन् ।
उनले भदौ २३ र २४ गते जेन्जी युवाले उठाएका आवाजहरू पनि धेरै गहन र आधारभूत सवालसँग जोडिएका बताइन् ।
प्रधानमन्त्री कार्कीले भनिन्, 'यस्ता विषयमा हामी कहाँ र किन चुक्यौँ भन्ने आत्ममूल्याङ्कन आवश्यक छ । भविष्यप्रति सकारात्मक सोच, काँधमा जिम्मेबारीबोध र हृदयमा निष्ठा तथा इमान्दारी लिएर अघि बढ्न सके अपेक्षित परिवर्तन सम्भव छ ।' उनले लोकतन्त्र सुदृढीकरण, सुशासन प्रवद्र्धन तथा भ्रष्टाचारमुक्त राष्ट्र निर्माणका लागि निकट भविष्यमा हुन गइरहेको निर्वाचन अत्यन्त महत्त्वपूर्ण अवसर भएकाले यस लोकतान्त्रिक प्रक्रियामा सक्रिय र जिम्मेबार सहभागिताका लागि सबैलाई आह्वान गरे । रासस

# निर्वाचन प्रक्रिया शान्तिपूर्ण, निष्पक्ष र विश्वसनीय बनाउन सबैको सहयोग आवश्यक

**मोरङ ।**
निर्वाचन आयोगका कार्यवाहक आयुक्त रामप्रसद भण्डारीले आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचन शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न प्रतिबद्ध आयोगलाई सरोकार भएका सबैबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गरेका छन् ।
निर्वाचन आयोग र नेपाल कानून समाजद्वारा शुक्रबार विराटनगरमा आयोजित 'निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन र सरोकारवालाहरुको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रममा कार्यवाहक आयुक्त भण्डारीले बढीभन्दा बढी जनताको सहभागितासहित निर्वाचनलाई ऐतिहासिक एवम् उत्सवमय बनाउने कार्यमा सम्बद्ध सबै क्षेत्रबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गरे ।
उनले निर्वाचन आचारसंहिता उल्लङ्घन गर्ने जोकोही कारबाहीको भागिदार हुने स्पष्ट गर्दै विधि र प्रक्रियालाई पालना गरी संयमित भएर निर्वाचन प्रक्रियामा सरिक हुन सबैसँग अनुरोध गरे ।
कार्यवाहक आयुक्त भण्डारीले निर्वाचन प्रचारप्रसारलगायत गतिविधिमा भारतीय नम्बरप्लेटको सबारीसाधनको प्रयोग निषेध गरिएको जानकारी दिँदै त्यसतर्फ सचेत रहन राजनीतिक पार्टी तथा उम्मेदबारको ध्यानाकर्षण गरे ।
मितव्ययी भई यथासक्य कम खर्चमा निर्वाचन सम्पन्न गर्न लागेको प्रसङ्ग उल्लेख गर्दै उनले तोकिएको सीमाभित्र रही खर्च व्यवस्थापन गर्न सम्बद्ध सबैसँग अनुरोध गरे ।
कोशी प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री इन्द्रमणि पराजुलीले आसन्न निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र विश्वसनीय बनाउने सन्दर्भमा निर्वाचन आयोगबाट प्राप्त प्रतिबद्धतालाई साकार तुल्याउन कोशी प्रदेश सरकारले कुनै कसर बाँकी नराख्ने दृढता व्यक्त गरे ।
प्रदेशका पर्यटन, वन तथा वातावरणमन्त्री भीम पराजुलीले निर्वाचनमा आचारसंहिता अनुगमनका लागि छुट्टै संयन्त्र निर्माण गर्नुपर्ने सुझाव दिए । उनले निर्वाचनलाई शान्तिपूर्ण, भयरहित र निष्पक्ष रुपमा सम्पन्न गर्ने अभियानमा प्रदेश सरकार प्रतिबद्ध रहेको बताए ।
कोशी प्रदेशका प्रमुख सचिव राजेन्द्रप्रसाद पौडेलले निर्वाचन आचारसंहिता पालनमा सबै दल एवम् उम्मेदबारबाट साथ, सहयोग प्राप्त हुने विश्वास व्यक्त गरे ।
कार्यक्रममा आयोजक संस्थाका प्रशासकीय निर्देशक गणेशमान प्रधान, प्रदेश निर्वाचन अधिकारी चोलाराज दङ्गालले निर्वाचनलाई स्वच्छ, भयरहित तथा निष्पक्ष रुपमा सम्पन्न गर्न आचारसंहिता पूर्ण रुपमा पालना हुनुपर्नेमा जोड दिए ।
प्रदेशअन्तर्गत विभिन्न जिल्लाका सुरक्षा निकायका प्रमुख, मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतहरु, निर्वाचन कार्यालयका प्रमुख, कानूनीवद्, मानवअधिकार तथा सञ्चारकर्मीहरुको सहभागिता थियो । रासस


# मन्त्री श्रेष्ठद्वारा महिलाकेन्द्रित लगानीमा जोड

**काठमाडौँ ।**
महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री श्रद्धा श्रेष्ठले जलवायु सहनशील वित्त पोषणले सडक भवनमै सीमित नगरी महिलाद्वारा सञ्चालित उद्यम, लैङ्गिक संवेदनशील पूर्वाधार र सामुदायिक संरक्षणमा लगानी गर्न आग्रह गरेकी छन् ।
नेपाल पर्यटन बोर्ड र परिसूचक मिडियाद्धारा आयोजित 'नेपाल पर्यटन गोष्ठी, २०८२' मन्त्री श्रेष्ठले जलवायु परिवर्तनले पर्यटनमा प्रत्यक्ष असर पार्दा सबैभन्दा बढी मार महिलामाथि परेको भन्दै महिला केन्द्रीत लगानीमा जोड दिइकी हुन् । गोष्ठीमा 'जलवायु, समुदाय र महिलाः जलवायु सहनशील तथा समावेशी पर्यटनका लागि वित्त पोषण अपरिहार्य' विषयक सामूहिक छलफलमा सहभागी हुँदै उनले पर्यटनबाट प्राप्त आम्दानीलाई सामूहिक सहनशीलतासँग जोड्दै संरक्षणकर्तालाई प्रत्यक्ष लाभ सुनिश्चित गर्नुपर्ने आवश्यकता औँल्याइन् ।
'वित्त पोषण भनेको केवल सडक र भवन निर्माण मात्र होइन, विशेष गरी महिलामा लगानी हुनुपर्छ,' मन्त्री श्रेष्ठले भने, 'महिलाद्वारा सञ्चालित उद्यममा सहज पहुँचयोग्य जलवायु कोष, सहकार्य सुदृढीकरण, पानी तथा नवीकरणीय ऊर्जा जस्ता लैङ्गिक संवेदनशील पूर्वाधारमा लगानी र वन पदमार्ग, पानी स्रोत तथा सांस्कृतिक सम्पदा संरक्षणमा महिलाले गरेको योगदानको मान्यता आवश्यक छ ।'
मन्त्री श्रेष्ठले हिमताल विस्फोट, अनियमित हिमपात, पहिरोका कारण ट्रेकिङ पदमार्ग अवरुद्ध हुनु, पर्यटकीय क्षेत्रमा पानीको अभाव, जैविक विविधता क्षय र सम्पदामा क्षति जस्ता घटनाले पर्यटनलाई बढ्दो रूपमा प्रभावित गरिरहेकोबारे चिन्ता व्यक्त गरिन् । मन्त्री श्रेष्ठले धेरै पर्यटन निर्भर समुदायमा महिला औपचारिक र मौसमी आम्दानीमा निर्भर रहेको उल्लेख गर्दै होमस्टे सञ्चालन, स्थानीय उत्पादन बिक्री, होटल तथा जल क्षेत्रमा काम र सांस्कृतिक सेवा प्रदानमार्फत जीविकोपार्जन गर्दै आएको बताइन् ।
'जब पर्यटन घट्छ, त्यसको बढी असर महिलामा पर्छ,' मन्त्री श्रेष्ठले भनिन्, 'जलवायु परिवर्तनले पर्यटनमा असर गर्दा यिनै आयस्रोतमा निर्भर महिलामुखी परिबार विशेष रूपमा प्रभावित हुन्छन् ।' मन्त्री श्रेष्ठअनुसार महिलाहरू वित्तीय पहुँच सीमित, जमिन स्वामित्व न्यून र अनौपचारिक वा कम पारिश्रमिक क्षेत्रमा सीमित हुने भएकाले बढी जोखिममा छन् ।
'यो केवल वातावरणीय मुद्दा होइन, लैङ्गिक न्यायको प्रश्न पनि हो,' उनले स्पष्ट पारिन् ।
महिलाद्वारा सञ्चालित व्यवसायमा कति लगानी भइरहेको छ भन्ने मापन कठिन भएको छलफलका क्रममा चर्चा गरिएको थियो । ग्रामीण पर्यटन अर्थतन्त्र धेरै हदसम्म अनौपचारिक रहेको उल्लेख गर्दै उनले धेरै महिला औपचारिक दर्ताबिना होमस्टे सञ्चालन र सामाजिक सुरक्षाबिना मौसमी काममा संलग्न रहेकाबारे समेत उनले आफनो भनाइ राखिन् ।
मन्त्री श्रेष्ठले पर्यटन पूर्वाधार र योजनामा सुरक्षा, सरसफाइ तथा ज्येष्ठ नागरिक, महिला र अपाङ्गता भएका व्यक्तिको पहुँचलाई बेवास्ता गरिएकाप्रति चासो व्यक्त गरिन् । जलवायु परिवर्तनका कारण बसाइँसराइ बढ्दा पुरुषहरू रोजगारीका लागि बाहिरिने र महिलाहरूले घरखेती तथा सामुदायिक विपद् व्यवस्थापनको त्रिगुणीय बोझ बोक्नुपरेको उनले औँल्याइन् ।
'यस्तो अवस्थामा पर्यटन महिलाका लागि जीवनरेखा बन्छ, त्यसैले उनीहरूलाई अर्थतन्त्रसँग प्रत्यक्ष जोड्न आवश्यक छ,' मन्त्री श्रेष्ठले भने ।
सामुहिक छलफलका क्रममा अनियमित वर्षा र बेमौसमी हिमपातका कारण ट्रेकिङ सिजन प्रभावित भएको उल्लेख गर्दै मन्त्री श्रेष्ठले मुख्य याम मानिने अक्टोबरमै वर्षा र हिमपातले पर्यटकको बसाइँ अवधि र छुट्टी योजनामा अनिश्चितता बढाएको बताए । 'यसले हाम्रो बजार रणनीतिलाई नै चुनौती दिएको छ,' उनले भनिन् । रासस

# बागमती प्रदेश सरकारका बहुवर्षीय योजनाको काम धमाधम

**बागमती ।**
बागमती प्रदेश सरकारको बहुवर्षीय योजनाअन्तर्गत सहरी विकास तथा भवन कार्यालय हेटौँडाद्वारा मकवानपुर र चितवनमा सञ्चालित आधा दर्जन योजनाको काम सम्पन्न भएको छ । निर्धारित समयमा योजनाहरु सम्पन्न गर्न कार्यालयले नियमित अनुगमन र निगरानी बढाएपछि बहुवर्षीय योजनाको काम सम्पन्न भएको हो ।
कार्यालय मकवानपुरका प्रमुख इञ्जिनियर भुपेन्द्रकुमार यादवले हेटौँडा अस्पतालको भवन निर्माणकार्य सम्पन्न भई हस्तान्तरणका क्रममा रहेको जानकारी दिए । गत २०८१ असार मसान्तसम्म समयावधि भए पनि अस्पतालले जग्गाको व्यवस्थापनमा ढिलाइ हुँदा केही बढी समय लागेको उनले बताए ।
कार्यालयको बहुवर्षीय योजनाअन्तर्गत चितवनमा निर्माणाधीन भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय भवन निर्माणको काम आर्थिक वर्ष २०८१–८२ मा सम्पन्न भइसकेको छ ।
यस्तै, प्रदेश सरकारको बहुवर्षीय योजनाअन्तर्गत सहरी विकास तथा भवन निर्माण कार्यालयको भवन निर्माण सम्पन्न भएको छ । हाल उक्त भवनमा जेनजी आन्दोलनपश्चात् बागमती प्रदेश सरकारको भौतिक पूर्वाधार मन्त्रालय अस्थायी रूपमा सञ्चालनमा छ ।
चितवनको भरतपुर महानगरपालिका–२२ स्थित कमलपोखरी संरक्षण तथा सौन्दर्यीकरणको काम पनि सम्पन्न भएको प्रमुख यादवले जानकारी दिए । उनका अनुसार हेटौँडाको रातमाटे पावरहाउस चोक कमाने–भोर्ले सडकमा ढलानको काम सम्पन्न भएको छ ।
यस्तै, बागमती प्रदेश सरकारको बहुवर्षीय योजनाअन्तर्गत चालु आर्थिक आर्थिक वर्षमा ठेक्का लागेको हेटौँडा उपमहानगरपालिकास्थित अड्डा मार्गमा फुटपाथ निर्माण, हेटौँडा उपमहानगरपालिका–१० मा स्ट्रिट फुड पार्क, चितवनस्थित कृषि विकास कार्यालयको भवन, चितवनको खैरेनीस्थित सबडिभिजन वन कार्यालय भवन र चितवनस्थित गोले पार्कको काम तीव्र रूपमा भइरहेको कार्यालय प्रमुख यादवले बताए ।
चितवनको राप्ती–१२ मा निर्माणाधीन नौलापुर एकीकृत बस्ती पूर्वाधार निर्माण, चितवनको भरतपुर–२ स्थित मितेरी टोलदेखि नमस्ते पार्कसम्म ढलानको काम ५५ प्रतिशत सम्पन्न भएको र बाँकी काम तीव्र रुपमा भइरहेको उनले जानकारी दिए । यसैगरी मकवानपुरको थाहा नगरपालिका–९ स्थित ऐतिहासिक धनदेव गोले पार्क भौतिक पूर्वाधार निर्माण, चितवनको बकुलर रत्ननगर अस्पताल मातृशिशु भवन निर्माणको काम ७० प्रतिशत सम्पन्न भएको छ ।
चितवनको माडी–८ मा निर्माणाधीन मध्यवर्ती 'होमस्टे' सांस्कृतिक सामुदायिक भवन निर्माणको ७० प्रतिशत काम सम्पन्न भएको र चालु आवमा बजेट नहुँदा काम रोकिएको प्रमुख यादवको भनाइ छ । रासस

# सात महिनामा तीन लाख २५ हजार बढी पर्यटक भित्रिए



**मुस्ताङ ।**
चालु आर्थिक वर्षको सात महिनामा तीन लाख २५ हजार ५ सय ५८ पर्यटक मुस्ताङ भित्रिएका छन् ।

जिल्ला प्रहरी कार्यालयका अनुसार चालु आवको साउनदेखि माघसम्म विदेशी ६९ हजार ८ सय १४ र स्वदेशी दुई लाख ५२ हजार ६ सय ६४ पर्यटक मुस्ताङ भित्रिएका हुन् । जिल्ला प्रहरी कार्यालयका अनुसार राष्ट्रिय गौरवको बेनी–जोमसोम सडकमार्ग हुँदै चालु वर्षको साउनमा १९ हजार ७ सय ८१, भदौमा २३ हजार २ सय ५, असोजमा ७५ हजार ५ सय ९९, कात्तिकमा ८३ हजार ७ सय ६६, मङ्सिरमा ४९ हजार ५०, पुसमा ३९ हजार १ सय ५३ र माघमा ३२ हजार चार जना विदेशी तथा स्वदेशी पर्यटक मुस्ताङ भित्रिएका हुन् ।

गत वर्षको साउनदेखि माघसम्म तीन लाख ४० हजार ७ सय २९ विदेशी तथा स्वदेशी पर्यटकले मुस्ताङको भ्रमण गरेका थिए । प्रहरीको तथ्याङ्कअनुसार गत वर्षको आठ महिनाको तुलनामा चालु आवको सोही अवधिमा १८ हजार १७१ जना (५.३३ प्रतिशत) पर्यटक कम भित्रिएका हुन् ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक नवराज न्यौपानेका अनुसार म्याग्दी र मुस्ताङको सिमाना घाँसामा सडकमार्ग हुँदै मुस्ताङ भित्रिने विदेशी तथा स्वदेशी पर्यटकको अभिलेख सङ्कलन गर्ने गरेको छ । पोखरा–जोमसोम हवाई सेवामार्फत मुस्ताङ भित्रिएका र मनाङ हुँदै थोरङलापास गरी मुस्ताङ भित्रिएका पर्यटकको मातहतका प्रहरी एकाइहरूले अभिलेख सङ्कलन गर्ने गरेका छन् ।

मुस्ताङमा आव २०८०–८१ मा चार लाख ५४ हजार ३ सय २६ जना र आव २०८१–८२ मा सात लाख पाँच हजार ७७९ जना स्वदेशी तथा विदेशी पर्यटक भित्रिएको जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कमा उल्लेख छ ।

पछिल्लो समय राष्ट्रिय गौरवको (बेनी–जोमसोम–कोरला) सडक बर्सेनि सहज हुँदै जान थालेपछि मुस्ताङमा पर्यटकको आगमनदर वृद्धि हुँदै गएको हो । मुस्ताङमा भित्रिएका सार्क राष्ट्रका पर्यटकमध्ये अधिकांश भारतीय पर्यटकले मुक्तिनाथको दर्शन गरी फर्किने गरेका छन् । अन्य राष्ट्रका विदेशी पर्यटक भने बेनी–जोमसोम सडकमार्ग र मनाङ हुँदै थोरङ्लपास क्रस गरी मुस्ताङ भित्रिने गर्छन् ।

मुस्ताङको कागबेनीधाममा पितृ उद्धारका लागि श्राद्ध गर्न तथा मुक्तिनाथ मन्दिरको दर्शन गर्न आउने स्वदेशी पर्यटकको संख्या पनि बढ्दो छ । मुस्ताङ भित्रिएका पर्यटकमध्ये तीन प्रतिशत विदेशीले माथिल्लो मुस्ताङको भ्रमण गर्ने गरेका छन् ।

पछिल्लो समय जोमसोम–कोरला सडक सहज भएपछि उल्लेख्य संख्यामा स्वदेशी पर्यटक कोरलानाकासम्म पुग्ने गरेका पाइएको छ । रासस

# बीलबिजकबिना अवैध सामग्री नबोक्न आग्रह

**रसुवा ।**
रसुवागढी नाका हुँदै आयात गरिने सामान अनिवार्य रूपमा भन्सार महसुल तिरेर मात्र निकासी गर्न नेपाल प्रहरीले व्यवसायी तथा सबारीसाधनका चालकलाई आग्रह गरेको छ । नियमानुसार ल्याउन छुट भएका सामग्री कानूनी प्रक्रिया पूरा नगरी ओसारपसार गर्ने क्रम बढेपछि यस्तो आग्रह गरिएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख अशोक थापाका अनुसार केही व्यवसायीले खेताला प्रयोग गरी थोरै परिमाणका सामान पटकपटक मितेरी पुल पार गराएर टिमुरे पु¥याउने र त्यसपछि सार्वजनिक सबारीसाधनमार्फत त्रिशूली तथा काठमाडौँ लैजाने प्रवृत्ति बढेको पाइएपछि यो कार्य रोक्न प्रहरी सक्रिय बनेको हो । यस्तो गतिविधिले राज्यको राजस्व छलिने भएका कारण सबारीसाधनमा अवैध सामग्री नबोक्न चालकलाई अनुरोध गरिएको उनले बताए ।

प्रहरीका अनुसार सबारीसाधन जाँचका क्रममा अस्वाभाविक रूपमा खुद्रा सामान लुकाइछिपाइ ल्याउने घटना पटकपटक फेला परेपछि त्यस्ता सामग्री बरामद गरी सम्बन्धित निकायलाई बुझाउने गरिएको छ । खुला ट्रक लिएर केरूङ जाने र फर्कंदा लोड गरेर ल्याएका विद्युतीय उपकरणभित्रका खाली स्थानमा चिनियाँ चुरोट तथा मदिरालगायत विभिन्न सामग्री लुकाएर ल्याउने गरेको पाइएको छ ।

चेकपोस्टमा ठूला–साना सबै सबारीसाधनको नियमित जाँच भइरहेको र इभी मोटरभित्रका सम्भावित लुकाउने ठाउँमा विशेष निगरानी राखिएको प्रहरीले जनाएको छ । चालू आर्थिक वर्षको साउनदेखि माघ मसान्तसम्म विभिन्न मितिमा सशस्त्र प्रहरी बलले ११ लाख २८ हजार रुपैयाँ तथा नेपाल प्रहरीले एक लाख ८५ हजार रुपैयाँ बराबरका सामग्री बुझाएको छ ।

यस्तै भन्सार कार्यालयले २ लाख ७५ हजार रुपैयाँ बराबरको अवैध माल सामग्री बरामद गरेको प्रमुख भन्सार अधिकृत तुलसीप्रसाद भट्टराईले जानकारी दिए । प्रहरीले कानूनवपरीत सामग्री बोकेमा चालक, व्यवसायी र सम्बन्धित व्यक्तिलाई कारबाही हुने उल्लेख गर्दै सबैलाई राज्यद्वारा निर्धारण गरिएको मापदण्डअनुसार मात्र सामान आयात–निकासी गर्न अनुरोध गरेको छ । रासस

# मुख्य याममा सौराहामा पर्यटक घटे

**चितवन ।**
विगतका वर्षमा यतिबेला सौराहाका होटल ८० प्रतिशत हाराहारी भरिने गरेका थिए । यस वर्ष यतिबेला आधा हाराहारी मात्र पर्यटक यहाँ आएका छन् ।

मुख्य याममा पर्यटक नआउँदा व्यवसायीमा निरासा छाएको छ । क्षेत्रीय होटल सङ्घ चितवनका अध्यक्ष ओमप्रकाश पाण्डे फेब्रुअरी, मार्च र अप्रिल महिना सौराहाको मुख्य पर्यटकीय मौसम भएको बताउँछन् । गत वर्ष यतिबेला होटलका ८० प्रतिशत कोठा भरिने गरेका उल्लेख गर्दै यस वर्ष ५० प्रतिशतभन्दा कम कोठा बुक भएका उनको भनाइ छ । अध्यक्ष पाण्डेले भने, 'एकदमै राम्रो पर्यटकीय याममा पनि किन पर्यटक आएनन् हामी सोचमग्न छौँ ।' यो बेलामा चितवन राष्ट्रिय निकुञ्जमा ढड्डी फाँडेर टाढासम्म देखिने भएकाले सजिलै वन्यजन्तु हेर्न सकिन्छ ।

मौसमका हिसाबले पनि गर्मी र जाडो दुबै नहुने भएकाले सबैका लागि उपयुक्त यही समय हो । सबै हिसाबले राम्रो भए पनि विदेशी पर्यटक न्यून मात्र आउँदा व्यवसाय प्रभावित भएको उनको भनाइ छ । सौराहामा मात्र नभएर देशभरको अवस्था उस्तै रहेको अध्यक्ष पाण्डेले बताए ।

उनले भने, 'पर्यटक नआउनुको कारण खोज्नुपर्ने भएको छ ।'

सङ्घका उपाध्यक्ष गुणराज थपलिया निर्वाचनका कारण विदेशी पर्यटक नआउँदा सौराहामा पर्यटकको संख्यामा कमी आएको बताउँछन् । निर्वाचनपछि पर्यटक बढ्ने उनले अपेक्षा गरे । होटल व्यवसायी सुमन घिमिरे निर्वाचनको मुखमै पर्यटकको आगमनमा कमी आएको बताउँछन् । विशेष अवस्थामा निर्वाचन हुन लागेको उल्लेख गर्दै उनले अन्तरराष्ट्रिय जगतमा यहाँको अवस्था शान्तिपूर्ण छ भन्ने सन्देश पुग्न जरुरी भएको बताए ।

युनाइटेड हात्ती सञ्चालन सहकारी संस्थाका अध्यक्ष दीपेन्द्र खतिवडा गत वर्ष यतिबेला दैनिक चार खेप गर्ने हात्तीले अहिले एक खेप मात्र गर्ने गरेको बताउँछन् । पर्यटकको आगमनमा कमी आएपछि व्यावसायिक रुपमा पालिएका हात्तीका सञ्चालक प्रभावित भएका छन् । रेष्टुरेन्ट व्यवसायीसमेत रहनुभएका खतिवडाका अनुसार पर्यटक नआएपछि सौराहाका रेष्टुरेन्टमा प्रत्यक्ष प्रभाव परेको छ । मुख्य मौसममा पर्यटक घटेपछि पर्यटकीय गतिविधिमा काम गर्ने समग्र व्यवसाय प्रभावित भएको उनले बताए ।

बनबास रिसोर्टका महाप्रबन्धक प्रकाश न्यौपाने सौराहामा यो मौसममा पर्याप्त पर्यटक आउने भए पनि यस वर्ष कमी आएको बताउँछन् । होटल क्षेत्रमा लामो अनुभव सगाल्नु भएका उनले पर्यटक आउनेमा आशावादी छन् ।

सौराहामा १ सय ४८ होटल छन् । जहाँ सात हजार २ सय पर्यटक अट्ने क्षमता छ । यस क्षेत्रमा प्रत्यक्ष रुपमा ६ हजार ४ सय जनाले रोजगारी पाएको छ । अप्रत्यक्ष रोजगारी पाउनेको संख्या १२ हजारभन्दा बढी छ । चितवन राष्ट्रिय निकुञ्ज र आसपासका सामुदायिक वनमा दुर्लभ एक सिङ्गे गैंडा, पाटेबाघ, घडीयाल गोहीलगायतका दुर्लभ वन्यजन्तु र चराचुरुङ्गी हेर्न यहाँ स्वदेशी तथा विदेशी पर्यटक आउने गर्दछन् । यसका अतिरिक्त सौराहामा थारु संस्कृति पनि पर्यटकका लागि रुचिकर बन्दछ । यसका साथै नेपालका विभिन्न सङ्घ संस्था कार्यक्रम गर्न सौराहा आउँछन् भने भारतीय नागरिक बढी मात्रामा यहाँ आउने गर्छन् । रासस

# नेपालगञ्जमा आजदेखि 'टुर द ठाकुरद्वारा' साइकल महोत्सव

**बाँके ।**
नेपालगञ्ज साइकलिङ क्लबको आयोजनामा शुक्रबारदेखि नेपालगञ्जमा आजदेखि 'टुर द ठाकुरद्वारा, २०२६' साइकल महोत्सव सुरु भएको छ । महोत्सवमा सहभागी साइक्लिस्टले बाँकेको विभिन्न स्थानको भ्रमण गर्नेछन् भने शनिबार बर्दियाका विभिन्न धार्मिक र पर्यटकीय क्षेत्रमा पुग्नेछन् ।

यस क्षेत्रमा साइकलिङलाई प्रवद्र्धन गर्दै स्वस्थ जीवनशैली, पर्यावरण संरक्षण, पर्यटन विकास तथा सामाजिक सचेतनामा टेवा पुर्याउने उद्देश्यले महोत्सव आयोजना गरिएको आयोजकले जनाएको छ । साइकल यात्रामार्फत बाँके र बर्दिया क्षेत्रका प्राकृतिक, सांस्कृतिक तथा पर्यटकीय सम्भावनालाई राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा चिनाउने लक्ष्य लिइएको छ ।

आयोजकका अनुसार महोत्सवको पहिलो दिन वाटरपार्क, कान्तिताल, सिद्धिविनायक लायन्स पार्क हुँदै कोहलपुरमाको खडगबार हात्तिसार, बाँके राष्ट्रिय निकुञ्जसँगै सुतैया तालउको भ्रमण गरी गाभर भ्यालीमा टोली पुग्नेछ । साइकल र्यालीले विभिन्न जनचेतनामूलक गतिविधि, स्वास्थ्य तथा वातावरणसम्बन्धी सन्देश प्रवाह तथा प्रतिस्पर्धात्मक साइकल दौड सञ्चालन गर्नेछ । आयोजनका अनुसार साइक्लिस्टले नेपालगञ्जदेखि ठाकुरद्वारासम्मको यात्रा मार्गमा पर्ने विभिन्न स्थानमा स्थानीय संस्कृति, पर्यटकीयस्थल तथा सामाजिक गतिविधिको प्रवद्र्धन गर्नेछन् ।



कार्यक्रममा स्वदेशी तथा विदेशी साइक्लिस्टहरुको सहभागिता छ । साइकल यात्राले पर्यटन प्रवद्र्धनका साथै स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ । कार्यक्रममार्फत सामाजिक, सांस्कृतिक तथा आर्थिक सहकार्य विस्तार गर्दै प्राकृतिक सम्पदाको संरक्षणमा जनचेतना अभिवृद्धि गरिने बताइएको छ । महोत्सवमा २ सय ५० जना साइक्लिस्टको सहभागिता छ । रासस

# भारत अमेरिका नेतृत्वमा सुरक्षित प्रविधि साझेदारीमा सामेल



**भारत ।**
टेक्नोलोजी सुरक्षा र आपूर्ति शृङ्खलालाई सुदृढ पार्ने उद्देश्यले भारत शुक्रबार अमेरिकी नेतृत्वको रणनीतिक पहल, प्याक्स सिलिका, मा प्रवेश गरेको छ । यो कदमले भारत र अन्य लोकतान्त्रिक साझेदार राष्ट्रबीच नयाँ प्रविधि साझेदारी र सुरक्षा सहयोगको अवसरलाई जोड्नेछ, साथै हालैको रूसी तेल आयातको विषयमा छोटो तनावपछि भारत–अमेरिका सम्बन्धलाई पुनःस्थापित गर्ने सङ्केत पनि हो ।

प्याक्स सिलिकामा जापान, दक्षिण कोरिया, बेलायत, इजरायल लगायतका देशहरू सहभागी छन् । यस पहलको मुख्य उद्देश्य अर्धचालक (सेमीकन्डक्टर) डिजाइन, निर्माण, अनुसन्धान र आपूर्ति शृंखलामा साझेदार राष्ट्रबीच लचिलोपन र भरोसा योग्य नेटवर्क विकास गर्नु हो । यसले चीनको प्रभुत्व रहेको उत्पादन केन्द्रहरूमा निर्भरता घटाउने रणनीतिक लक्ष्यलाई पनि समर्थन गर्छ ।

अमेरिकी राजदूत सर्जियो गोरले हस्ताक्षर अघि भने, 'प्याक्स सिलिका राष्ट्रहरूको समूह हुनेछ जसले टेक्नोलोजी मार्फत स्वतन्त्र मानिस र स्वतन्त्र बजारलाई सशक्त बनाउनुपर्छ । भारतको प्रवेशले केवल प्रतीकात्मक नभई रणनीतिक आवश्यकतालाई पनि दर्शाउँछ ।'

भारत–अमेरिका सम्बन्धमा हालैको सुधार आर्टिफिसियल इन्टेलिजेन्स (एआई) शिखर सम्मेलन र द्विपक्षीय व्यापार सम्झौतासँग मेल खाँदै आएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यस महिनाको सुरुमा भारतमा आयात शुल्क २५ प्रतिशतबाट १८ प्रतिशतमा घटाउने घोषणा गर्नुभएको थियो भने भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले रूसी तेल खरिदमा लगाइएको अतिरिक्त २५ प्रतिशत लेवी हटाउन सहमति जनाउनुभएको थियो । सन् २०२२ मा मस्कोको युक्रेन आक्रमणपछि भारतले रूसी तेल आयात बढाएको थियो, जसको पश्चिमी साझेदारहरूले आलोचना गरेका थिए ।

प्याक्स सिलिकामा भारतको प्रवेश र व्यापार छुटहरूले रणनीतिक रूपमा भारतको भूमिकालाई इन्डो–प्यासिफिक क्षेत्रमा एक प्रमुख अमेरिकी साझेदारका रूपमा सुदृढ बनाउने अपेक्षा गरिएको छ । गोरले भने, 'व्यापार सम्झौतादेखि प्याक्स सिलिकासम्म र रक्षा सहयोगसम्म हाम्रा दुई राष्ट्रका लागि सँगै काम गर्ने सम्भावना साँच्चै असीमित छ ।' एएफपी

# अमेरिका–इन्डोनेसिया व्यापार सहमति

**वासिङ्टन ।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको 'बोर्ड अफ पिस' को पहिलो बैठकका क्रममा वासिङ्टनमा रहेका इन्डोनेसियाका राष्ट्रपति प्रबोवो सुबिआन्तो अमेरिकासँग महत्त्वपूर्ण व्यापार सम्झौतामा पुगेका छन् । ह्वाइट हाउसले बिहीबार घोषणा गरेको उक्त सहमतिलाई दुवै देशले द्विपक्षीय आर्थिक सम्बन्धको नयाँ अध्यायका रूपमा प्रस्तुत गरेका छन् ।

सम्झौताअनुसार दक्षिणपूर्वी एसियाको सबैभन्दा ठूलो अर्थतन्त्र इन्डोनेसियाले अमेरिकी वस्तुहरूमा लगाइँदै आएको ९९ प्रतिशत शुल्क हटाउनेछ । त्यसको बदलामा अमेरिकाले इन्डोनेसियाका अधिकांश वस्तुहरूमा १९ प्रतिशत भन्सार दर कायम गर्नेछ । यो दर यसअघि कम्बोडिया र मलेसियाका लागि पनि तय गरिएको थियो । साथै इन्डोनेसियाले गैर–कर अवरोधहरू सम्बोधन गर्ने र महत्त्वपूर्ण खनिज तथा अन्य औद्योगिक सामग्रीहरूको अमेरिकातर्फ निर्यातमा लगाइएका प्रतिबन्धहरू हटाउने प्रतिबद्धता जनाएको ह्वाइट हाउसले जनाएको छ ।

यसै सन्दर्भमा इन्डोनेसिया र अमेरिकी कम्पनीहरूबीच ३८ अर्ब ४० करोड डलर बराबरका ११ वटा व्यावसायिक सम्झौताहरू सम्पन्न भएका छन् ।



तीमध्ये अमेरिकी सोयाबिन, मकै, कपास र गहुँ खरिद, तेल क्षेत्र पुनःउत्थानमा सहकार्य, महत्त्वपूर्ण खनिज आपूर्ति तथा कम्प्युटर चिप्समा संयुक्त लगानी समावेश छन् । इन्डोनेसियाली कम्पनीहरूले १० लाख मिलियन टन सोयाबिन, १६ लाख टन मकै, ९३ हजार टन कपास तथा सन् २०३० सम्म ५० लाख टन गहुँ खरिद गर्ने सहमति व्यक्त गरेका छन् ।

बुधबार युएस चेम्बर अफ कमर्समा आयोजित कार्यक्रममा राष्ट्रपति प्रबोवोले पछिल्ला महिनाहरूमा गहन वार्ता भएको र धेरै विषयमा ठोस समझदारी बनेको बताए । ह्वाइट हाउसले उक्त सहमतिलाई 'ठूलो सम्झौता' भन्दै यसले आर्थिक सुरक्षा सुदृढ पार्ने, विकास प्रवद्र्धन गर्ने र विश्वव्यापी समृद्धिमा नेतृत्व गर्न सहयोग पुग्ने जनाएको छ । सम्झौतामा अमेरिकी व्यापार प्रतिनिधि जेमिसन ग्रीर र इन्डोनेसियाका समकक्ष एयरलाङ्गा हार्टार्टोले हस्ताक्षर गर्नुभएको थियो । हार्टार्टोले यसलाई द्विपक्षीय सम्बन्धको 'नयाँ स्वर्ण युग' को सुरुआतका रूपमा व्याख्या गरे ।

व्यापार सहमतिसँगै कूटनीतिक सन्देश पनि जोडिएको छ । विश्वकै सबैभन्दा ठूलो मुस्लिम जनसंख्या भएको देशका नेता प्रबोवोले गाजामा अन्तर्राष्ट्रिय स्थिरीकरण बलका लागि आठ हजार वा आवश्यक परे थप सेना पठाउने प्रतिबद्धता दोहोर्याएको थियो । ट्रम्पले बैठकमा इन्डोनेसियाको भूमिकाको प्रशंसा गरे भने प्रबोवोले ट्रम्पको नेतृत्वमा 'वास्तविक शान्ति' सम्भव हुने विश्वास व्यक्त गरे ।

बोर्डमा कम्बोडिया र भियतनाम पनि सहभागी छन् । कम्बोडियाले अमेरिकासँग पहिल्यै व्यापार सम्झौता गरिसकेको छ भने भियतनाम फ्रेमवर्क सहमतिमा पुगेको छ । यसैबीच भियतनामका नेता टो लाम पुनःनिर्वाचित भएपछि पहिलो पटक अमेरिका आएका हुन् । विश्लेषकहरूले चीन भ्रमणअघि उनको अमेरिका यात्रा कूटनीतिक प्राथमिकतामा आएको परिवर्तनको सङ्केतका रूपमा लिएका छन् ।

अमेरिकाले भियतनामी निर्यातमा २० प्रतिशत कर लगाएपछि दुवै देशबीच व्यापार वार्ता जारी छ । वार्ताको छैटौँ चरण फेब्रुअरीको सुरुमा सम्पन्न भएको थियो । महत्त्वपूर्ण खनिज आपूर्ति शृंखलामा चीनको प्रभाव घटाउने अमेरिकी रणनीतिसँग जोडिएको यो व्यापक आर्थिक तथा कूटनीतिक पहललाई वासिङ्टनले क्षेत्रीय सन्तुलन सुदृढ गर्ने कदमका रूपमा हेरेको छ । एएफपी

# रुपन्देही–४ मा विकासप्रेमी नेताको खोजी

**रविन्द्र प्रताप गुप्ता/रासस**
**देवदह ।**

'मर्चबार आउने सडकको अवस्था राम्रो छैन, यहाँको मुख्य समस्या भनेकै बाटोको हो, सडक राम्रो नहुँदसम्म जीवन सहज हुँदैन,' रुपन्देही निर्वाचन क्षेत्र नं ४ मा पर्ने मर्चबारी–३ सिसो सेमराका ओमप्रकाश कान्दुले भने । कान्दुजस्ता रुपन्देही–४ का मतदाताको आमसमस्या सडककै हो । एम्बुलेन्स र दमकल ल्याउन पनि समस्या हुने गरेको उनको गुनासो छ ।

त्यसबाहेक बेरोजगारी यहाँको प्रमुख समस्या हो । यस क्षेत्रमा नयाँ उद्योग स्थापना गरी स्थानीय जनशक्तिलाई रोजगारी उपलब्ध गराउने खालको नेता आवश्यक भएको उनको भनाइ छ । 'त्यति मात्रै होइन, किसानले समयमै मलखाद नपाएको अवस्था छ, मलका लागि अहिले पनि सीमापारी भारत जानुपर्ने बाध्यता छ, सिँचाइको सुविधा पनि छैन ।'

कान्दु यसपटक रुपन्देही–४ मा विकास गर्नसक्ने र यस क्षेत्रलाई अगाडि बढाउनसक्ने उम्मेदवारलाई मतदान गर्ने सोचमा छन् । उनी भन्छन्, 'यो क्षेत्रबाट उम्मेदवारी दिनुभएकामध्ये यहाँको विकास गर्नसक्ने उम्मेदवारलाई जनताले मतदान गरेमात्रै विकास हुन्छ । उम्मेदवारलाई चिनेर मतदान गर्नुपर्छ । निर्वाचन जितेर गएपछि आफूले जितेका क्षेत्रमा नफर्किनेलाई किन जिताउने ? यो क्षेत्र र जनतालाई हेर्ने उम्मेदवार चाहियो । ? जितेपछि काम गर्छु भन्ने आश्वासन मात्रै पाइयो । जितेर गएपछि हामीलाई उनहरुले चिन्दै चिन्नुहुन्न ।'

मर्चवारी–३ रायपुरका साधुसरण यादव रुपन्देही क्षेत्र नं ४ मा विशेषगरी सडक, किसानलाई समयमै मलखाद र सिँचाइको सुविधा उपलब्ध नहुनु, सुविधासम्पन्न अस्पताल नहुनु, विद्यालयमा भौतिक पूर्वाधारको अभावजस्ता मुख्य समस्या रहेको बताए । 'विगतमा जितेर गएका जनप्रतिनिधिले खासै विकासका काम गर्न सक्नुभएन । यसपटक निर्वाचनमा मतदान गरेर शिक्षा, स्वास्थ्य, रोजगारीलगायतको व्यवस्थाका साथै यस क्षेत्रको विकास गर्नसक्ने उम्मेदवारलाई जिताउँछौँ,' उनले भने ।

कोटहीमाई गाउँपालिका–७ परसहवाका मख्खन लोधले यस क्षेत्रमा समस्याको चाङ रहेको बताए । उनले समस्या समाधान गर्न सक्ने उम्मेदवारलाई जिताउनुपर्नेमा जोड दिए ।

मर्चबारी गाउँपालिका–सिसो सेमराका श्याम मोहन यादवले पनि मुख्य गरी यहाँ सडककै समस्या रहेको बताए । 'सडकमा खाल्डाखुल्डी छ, जसले गर्दा सबारी दुर्घटना बढेको छ । विद्यालयमा पनि विभिन्न समस्या छ । सुविधासम्पन्न अस्पताल पनि छैन । यहाँबाट निर्वाचित जनप्रतिनिधिले भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, रोजगारजस्ता क्षेत्रको विकासमा विशेष ध्यान दिनुपर्छ,' उनले भने ।

मायादेवी गाउँपालिका–४ का चन्द्रशेखर गुप्ताले यो क्षेत्रमा मुख्य गरी सडक पूर्वाधारकै समस्या रहेको बताए । उनले शिक्षा र स्वास्थ्य क्षेत्रको विकासमा जनप्रतिनिधिले विशेष ध्यान दिनुपर्ने माग गरे ।

मर्चबारी–१ का श्रीराम यादवको भनाइ पनि समान नै छ । उनले भने, 'जुन उम्मेदबारले खाद्य, सिँचाइ, सडकको व्यवस्था गर्न सक्छन्हुन्छ, त्यही उम्मेदबारलाई नै यसपटक जिताउने हो ।'

सम्मरीमाई गाउँपालिका–६ असुरैनाका मोहम्मद असलम खाँले शिक्षा, स्वास्थ्य, सडक, कृषि क्षेत्रमा नै मुख्य समस्या रहेको बताए । मर्चबारी–१ कै मेनका यादवले काम नगर्ने उम्मेदबारलाई किन जिताउने भन्दै प्रश्न गरे । उनले शिक्षा, सडक, कृषि, रोजगारीमा ध्यान दिने जनप्रतिनिधि आवश्यक रहेको बताए ।

रुपन्देही निर्वाचन क्षेत्र नं ४ मा ६६ हजार ६२ पुरुष, ५० हजार १ सय १० महिला गरी एक लाख १६ हजार १ सय ७२ मतदाता छन् । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा रुपन्देही क्षेत्र नं ४ बाट २२ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । यहाँ पूर्वमन्त्रीदेखि पूर्वप्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य चुनावी मैदानमा छन् । रुपन्देही–४ मा सात जना स्वतन्त्र र राजनीतिक दलबाट १५ जनाले उम्मेदवारी दर्ता गराएका छन् ।

विसं २०७९ मा यो क्षेत्रमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), नेपालका सर्वेन्द्रनाथ शुक्ला निर्वाचित भएका थिए । विसं २०७४ नेपाली कांग्रेसका प्रमोदकुमार यादव निर्वाचित भएका थिए । २०७० सालमा तराई–मधेश लोकतान्त्रिक पार्टीबाट शुक्ला नै निर्वाचित भएका थिए । विसं २०६४ मा भने मधेशी जनअधिकार फोरमका उम्मेदवार ओमप्रकाश यादव निर्वाचित भएका थिए ।

# जीवन बदलिने आशामै छन् बोटे समुदाय

**विष्णु गौडेल/रासस**
**नवलपरासी ।**

यहाँका बोटे समुदाय परम्परागत पेसामै निर्भर छन् । पुस्तौँदेखि माछा मार्ने, डुङ्गा चलाउने र ज्याला मजदुरी गर्ने पुख्यौली पेसा नै यो समुदायका व्यक्तिको मुख्य आम्दानीको स्रोत हो ।

शिक्षा, स्वास्थ्य र सडकको पहुँचमा केही सहज भए पनि आवश्यक सीप, वैकल्पिक रोजगारी र स्थायी बसोबासको सुनिश्चितता नहुँदा यो समुदायको जीवनस्तरमा अपेक्षित सुधार आउन सकेको छैन ।

नवलपरासी (बर्दघाट सुस्तापूर्व)को मध्यविन्दु नगरपालिका–२ स्थित बोटे माझी शिविरका रनकुमार बोटे आफ्नो समुदायले नयाँ पेसा व्यवसाय गर्ने सोच राखे पनि पूरा हुन नसकेको बताए । 'हामीलाई माछा मार्नेबाहेक अरु काम खासै आउँदैन । तालिम र रोजगारीको अवसर भए नयाँ काम गर्न सकिन्थ्यो, तर हालसम्म यही पेसामा निर्भर हुनुपरेको छ,' उनले भने ।

नदी किनार आसपास बसोबास गर्ने बोटे समुदायका अधिकांश परिवार बिहानै नदीमा पुग्छन् । कसैले जाल हाल्छन्, कसैले डुङ्गा चलाएर जीविका चलाउँछन् । दिनभरको मेहनतपछि कमाएको थोरै रकमले परिवार धान्नुपर्ने अवस्था रहेको स्थानीय श्यामकुमारी बोटेको भनाइ छ । उनका अनुसार वैकल्पिक रोजगारी नहुँदा नयाँ पुस्ता पनि पुरानै पेसामा बाँधिन बाध्यरहेका छन् ।

बोटेको भने,'छोराछोरी पढिरहेका छन्, तर पढेपछि के गर्ने भन्ने अन्योल छ । काम गरिखाने सीप सिकाउने तालिम पाए फरक क्षेत्रमा जान सक्थे । सम्मानित जीवन जिउन सहज हुन्थ्यो ।'

विसं २०५८ मा नारायणी नदीमा आएको भीषण बाढीले साविक नारायणी गाविस–३, ४ र कोल्हुवा गाविस–६ नन्दपुरका २३८ घरपरिवार विस्थापित भएका थिए । तीमध्ये करिब ३८ बोटे परिवारलाई हालको मध्यविन्दु नगरपालिका–२ शिविर बोटे माझी टोलमा स्थानान्तरण गरिएको थियो । सरकारले दिएको १० धुर जग्गामा उनीहरु वर्षौंदेखि बसोबास गर्दै आएका छन्, तर अझै जग्गाको लालपुर्जा प्राप्त हुन सकेको छैन ।

स्थानीय बासिन्दा भन्छन्, 'जमिनको स्वामित्व सुनिश्चित भए भविष्यप्रति ढुक्क हुन सकिन्थ्यो । हाल बसोबास त गरिरहेका छौँ, तर कानूनी कागज नहुँदा असुरक्षा महसुस हुन्छ ।'

सामाजिक तथा आर्थिक रुपमा सीमान्तकृत मानिएको यस समुदायलाई राज्यले शिक्षा, सीपमूलक तालिम र लक्षित रोजगारी कार्यक्रमलाई प्राथमिकतामा राख्नुपर्ने स्थानीय पूर्णिमा बोटेले बताए । परम्परागत पेसा संरक्षणसँगै आधुनिक सीप विकास गरिए मात्रै नयाँ पुस्ता गरिबीको रेखाबाट बाहिर निस्कनसक्ने उनको भनाइ छ ।

'स्थानीय तहले केही सामाजिक सुरक्षा र आधारभूत सेवा उपलब्ध गराए पनि दीर्घकालीन आयआर्जनका कार्यक्रमको अभाव छ,' बोटेले भने, 'माछा मार्ने पेसालाई सम्मानजनक रुपमा आधुनिकीकरण गर्दै पर्यटन, मत्स्यपालन तथा साना उद्यमसँग जोड्ने गरी सरकारले योजना ल्याउनुपर्छ ।'

जिल्लाका गैँडाकोट, देवचुली, कावासोती र मध्यविन्दु नगरपालिका क्षेत्रमा बोटे समुदायको उल्लेख्य बसोबास रहेको छ । विसं २०७८ को राष्ट्रिय जनगणनाअनुसार जिल्लामा बोटे समुदायको जनसंख्या दुई हजार ४ सय ६ छ ।

बोटे समुदायका ज्येष्ठ नागरिकहरू भन्छन्, 'हामी नदीसँगै जन्मियौँ, नदीमै बाँचेका छौँ । अब राज्यले हाम्रा सन्तानलाई नयाँ बाटो देखाइदियो भने हाम्रो सङ्घर्षको सार्थकता हुनेछ ।'

परम्परागत ज्ञान र संस्कृतिको धनी बोटे समुदाय आज पनि जीवनयापनको आधार खोज्दै सङ्घर्षरत छ । सीप, रोजगारी र सुरक्षित बसोबासको सुनिश्चितता भए उनीहरूको जीवनस्तर उकासिनुका साथै परम्परागत पहिचान पनि जोगिने विश्वास गरिएको छ । निर्वाचनको माहोल चलिरहेको अवस्थामा यस समुदायले दल तथा तिनका उम्मेदवारबाट यही आशा राखिरहेका छन् ।

# मालढुङ्गा–बेनी सडक स्तरोन्नति सम्पन्न

**म्याग्दी ।**

म्याग्दी र मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने मालढुङ्गा–बेनी सडक स्तरोन्नत भएको छ । चीन र भारत जोड्ने राष्ट्रिय गौरवको कालीगण्डकी करिडोर (बेनी–जोमसोम–कोरला) सडक योजनामार्फत मालढुङ्गा–बेनी सडकलाई दुई लेनको ११ मिटर फराकिलो बनाएर अक्सफाल्ट प्रविधिको कालोपत्र गरिएको हो ।

पर्वतको कुश्मा नगरपालिका–१ मालढुङ्गादेखि जलजला गाउँपालिका–८, ७, ४ र ३ नं वडा हुँदै म्याग्दी सदरमुकाम बेनी जोड्ने १३ किलोमिटर सडक दुई लेनको बनाएर कालोपत्र गर्न २०७७ साल चैतमा एपेक्स–खड्का–कृष्ण जेभीले २०७७ चैतमा ५२ करोड ८६ लाख रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो ।

१३ किलोमिटर दूरीको सडकमध्ये ९६० मिटरबाहेकका ठाउँमा कालोपत्र र ढलान सकिएको आयोजना प्रमुख तेजस्वी शर्माले बताए । 'ढलान र कालोपत्र सकिएको सडकमा रङरोगन र सुरक्षा पूर्वाधार राख्ने काम भइरहेको छ,' उनले भने, 'बारीबेनीको ७६० मिटर, केराबारी र फर्से पहिरोमा एक–एक सय मिटर सडकलाई ठेक्काबाट हटाइएको छ ।'

बारीबेनीमा बस्तीको बीचमा सडक विस्तार गर्न घरधनीहरुको असहमति तथा फर्से र केराबारीमा पहिरोका कारण ठेक्काबाट हटाउनुपरेको योजना प्रमुख शर्माले बताए । विसं २०७९ मा सम्पन्न गर्ने लक्ष्य थियो ।

सडक निर्माण कोरोना महामारी, बाढीपहिरो, नदीजन्य निर्माण सामग्रीको अभावका कारण देखाएर सहायक ठेकेदार ओमकारेश्वरले अलपत्र बनाएको योजनालाई पूर्णता दिन एक वर्षअघि मुख्य ठेकेदार कार्यक्षेत्रमा आएका थिए ।

यसअघि गत वर्ष मालढुङ्गा–फर्से खण्डमा तीन किलोमिटर ३ सय मिटर कालोपत्र र दुई किलोमिटर २ सय मिटर ढलान भएको थियो । गत मङ्सिर पहिलो सातादेखि सुरु भएको लस्ती–बेनी खण्डको ६ किलोमिटर ५ सय मिटर सडक कालोपत्र गर्ने काम सकेर प्राविधिक टोलीबाट नापजाँच भइरहेको निर्माण कम्पनीका इन्जिनियर जीवन चौधरीले बताए ।

यो सडकमा म्याग्दी, मुस्ताङ र पर्वतको जलजला गाउँपालिकाका स्थानीय बासिन्दाका साथै पर्यटक र तीर्थयात्री आवतजावत गर्छन् ।

'कामका लागि खाद्यान्न' कार्यक्रमअन्तर्गत २०५२ सालमा मार्ग खुलेको मालढुङ्गा–बेनी सडक बेनी सडक २०६८ सालमा एकतर्फी कालोपत्र भएको थियो । मुस्ताङ र कोरलानाका सडक सञ्जालमा जोडिएपछि यातायातका साधनको चाप बढ्दा साँघुरो यो सडक पछिल्लो समय जीर्ण बनेको थियो ।

यातायात व्यवसायी बुद्धि पुनले मालढुङ्गा–बेनी सडकमा यात्रा गर्दा यसअघि एक घण्टाको यात्राअवधि स्तरोन्नतिपछि १५ देखि २० मिनेटमा छोटिएको बताए ।

'पछिल्लो पाँच वर्षयता पोखरा–बेनी आवतजावत गर्न बेनीदेखि रत्नेचौर बागलुङ हुँदै मालढुङ्गा जोड्ने घुमाउरो वैकल्पिक सडकको यात्रा गर्दै आएका थियौँ,' उनले भने, 'घुमाउरो सडकमा यात्रा गर्नुपर्ने समस्या हट्नुका साथै यात्राअवधि पनि छोटिएको छ ।'

जलजला गाउँपालिका–७ मिलनचोकका बासिन्दा बाबुराम कार्कीले सडक कालोपत्र भएपछि धुलो र हिलोमा जोखिम तथा कष्टपूर्ण यात्रा गर्नुपर्ने अवस्थाको अन्त्य भएको बताए । रासस

# बाँके १ का उम्मेदवार मतदाता रिझाउन गाउँगाउँमा



**नेपालगञ्ज ।**

यहाँका तीन निर्वाचन क्षेत्रमध्ये सबैभन्दा ठूलो क्षेत्र हो—क्षेत्र नं १ । एक लाख २४ हजार ७ सय २७ मतदाता रहेको छन् । यस क्षेत्रमा १ सय ४१ मतदान केन्द्र छन् ।

यस क्षेत्रमा नेकपा (एमाले), नेपाली कांग्रेस, नेपाली कम्युनिष्ट पार्टी (नेकपा), राष्ट्रिय स्वतन्त्र पार्टी र स्वतन्त्रसहित १४ जना उम्मेदवार प्रतिस्प्रधामा छन् । हाल यहाँका उम्मेदवार तथा दलहरू मतदाता रिझाउन गाउँगाउँ पुगिरहेका छन् । पहिलो चरणको भेटघाट पूरा गरिसकेका राजनीतिक दलका उम्मेदबार औपचारिक रुपमा घरदैलो अभियानमा व्यस्त देखिन्छन् ।

जिल्लाको कोहलपुर नगरपालिका, राप्ती सोनारी गाउँपालिका र नरैनापुर गाउँपालिका यस निर्वाचन क्षेत्र पर्छन् । उम्मेदबारहरू यी क्षेत्रका घरघरमा पुगेर मतदातालाई रिझाउने कोसिसमा छन् । यसअघि यस क्षेत्रबाट एमालेका सूर्य ढकाल निर्वाचित भएका थिए । यसपटक पनि उनी प्रतिस्पर्धामा छन् ।

विसं २०७९ को चुनावमा २५ हजार २६ मत ल्याएर विजयी भएका ढकालले तीन वर्षमै संसद् विघटन भएकाले आफ्नो पाँचवर्षे कार्ययोजना पूरा गर्न नपाएको भन्दै मत मागिरहेका छन् । 'निर्वाचन क्षेत्रका धेरै योजना अलपत्र अवस्थामा छन्, तिनलाई पूरा गर्न पनि म चुनावी मैदानमा आएको छु,' उनले भने ।

ढकालले राप्ती नदीका कतिपय क्षेत्रमा पुल नभएका कारण एम्बुलेन्स र दमकल पनि जान नसक्ने अवस्था रहेकाले बाटोघाटो निर्माण आफ्नो प्राथमिकतामा रहेको बताए ।

यहाँ कांग्रेसबाट जिल्ला सभापति नारायण गौडेल उम्मेदवार छन् । विसं २०७४ मा यस क्षेत्रको प्रदेश 'ख' बाट प्रत्याशी बनेर पराजित भएका गौडेल यसपटक प्रतिनिधिसभा सदस्य जित्ने लक्ष्यसहित चुनावी मैदानमा आएको बताउँछन् । उनले बाँके राष्ट्रिय निकुञ्जका कारण भोग्नु परेका सास्तीबारे स्थानीयले ध्यानाकर्षण गराएको उल्लेख गर्दै मानव—वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि कानूनी संरचनागत सुधार तथा अन्य अत्यावश्यक पूर्वाधार निर्माणमा आफूले भूमिका खेल्ने बताए ।

नेकपाबाट नरेन्द्र पाण्डे उम्मेदवार छन् भने प्रगतिशील लोकतान्त्रिक पार्टीबाट कृष्णा केसी 'नमूना' उम्मेदवार छिन् । नमूना यस क्षेत्रको प्रदेश 'क' बाट लगातार दुईपटक विजयी भएको थिइन् । प्रदेश सांसद पदबाट राजीनामा दिएर उनी प्रतिनिधिसभा सदस्यका लागि प्रत्याशी भएकी हुन् ।

पाण्डेले स्वास्थ्य, शिक्षा, कृषि, उद्योग, पूर्वाधार, सामाजिक न्याय, युवा तथा खेलकुद र सुशासनलाई प्राथमिकतामा राखेको बताए ।

प्रत्येक वडामा आधारभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित, आवश्यक पूर्वाधार र जनशक्ति व्यवस्थापन तथा मातृशिशु स्वास्थ्य सेवालगायत मुद्दामा विशेष ध्यान दिने योजना रहेको उनले बताए ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार सुरेश चौधरी यसअघि २०७९ सालको चुनावमा नागरिक उन्मुक्ति पार्टीबाट प्रतिस्पर्धामा थिए । उनी ११ हजार ४ सय ६५ मतसहित तेस्रो भएका थिए ।

यस क्षेत्रको विगत हेर्दा २०६४ मा माओवादीका तिलक परियार, २०७० मा एमालेका देवराज भार र २०७४ मा माओवादीका महेश्वर गहतराज निर्वाचित भएका थिए ।

यहाँका प्रमुख समस्याका रुपमा राप्ती नदीको कटान र बाँके राष्ट्रिय निकुञ्जका जनावरबाट हुने क्षति रहेका छन् । राष्ट्रिय गौरवको आयोजना सिक्टा सिँचाइ आयोजना पूर्ण नहुनु पनि यहाँको मुख्य मुद्दा मानिन्छ । यससँगै स्वास्थ्य, शिक्षा र भौतिक पूर्वाधार निर्माण पुराना 'एजेन्डा' छन् ।

हालका प्रायः सबै उम्मेदबारले यी मुद्दा उठाएका छन् । जनसंख्या र भूगोलका हिसाबले यस निर्वाचन क्षेत्रलाई ठूलो मानिएको छ । राप्तीसोनारी गाउँपालिका–४ की रामरजित थारुले कृषि क्षेत्रमा मलखाद र सिँचाइको अभाव झेल्दै आएको उल्लेख गर्दै खेतमा काम गरिरहेको अवस्थामा खेतमा नै पुगेर उम्मेदबारले भोट मागेको बताइन् ।

'यसरी आउने उम्मेदवारलाई मलखाद, सिँचाइ सुविधा, स्वास्थ्य र शिक्षामा सहज पहुँचका लागि ठोस योजना चाहिन्छ भने उम्मेदबारलाई भनिरहेका छौँ,' उनले भनिन् ।

राप्तीसोनारी गाउँपालिका र नरैनापुर गाउँपालिकाका केही बस्ती अहिले पनि दुर्गम बस्तीका रुपमा रहेका छन् । यी क्षेत्रमा थारू र मुस्लिम समुदायको बाहुल्यता रहेको छ । रासस

# कर्णालीमै पहिलोपटक सीपमा आधारित सिकाइ मेला

**कोहलपुर ।**

कर्णाली प्रदेशमै पहिलोपटक निजी क्षेत्रबाट सीपमा आधारित सिकाइ मेला सञ्चालन गरिएको छ । सुर्खेत वीरेन्द्रनगरस्थित सिद्ध पाइला विद्यालयले सीपमा आधारित सिकाइ मेला सञ्चालन गरेको हो ।

मेलामा विद्यालयले परम्परागत रुपमा सञ्चालनमा रहेका औजार प्रयोग गर्ने तरिका सिकाएको थियो ।

सीपमा आधारित सिकाइ मेलामा खाना बनाउने तरिका तथा विभिन्न परम्परागत औजारको प्रयोग तथा प्रदर्शन गरेको थियो । लोप हुँदै गरेका सामग्रीद्वारा समाजमा भइरहेको विकासका विषयमा भौतिक सामग्रीको प्रस्तुतिबाट सिकाइ गरिएको थियो । मेलामा ढिकी, जाँतो, ठेकीमा मोही बनाउने तरिका, फलामका भाँडाकुँडा बनाउने तरिका र खानाका परिकार बनाउने विधि प्रयोगात्मक रुपमा प्रस्तुत गरिएको थियो ।

विद्यालयमा बनाएको परिकारको खरिद तथा बिक्रीसमेत गरिएको थियो । अग्नानिक खाना निर्माण गरेर बिक्रीसमेत गरिएको छ । सेलरोटी, कोदाको रोटी, सिस्नु रोटी र आलुबाट निर्माण हुने परिकार बनाएको थियो । टपरीमा खाना बिक्री गर्नका लागि टपरी निर्माण गर्ने सीप सिकाइका साथै खाना टपरीमा बिक्री गरिएको छ । आधुनिक रुपमा प्रयोग हुने विभिन्न उपकरणसमेत प्रदर्शनी गरिएको छ । कर्णालीमा उत्पादन हुने ओखर, स्याउ तथा अन्य दालजन्य वस्तुको बिक्रीवितरण गर्न स्टल नै राखिएको छ । कार्यक्रममा पाँच सयभन्दा बढी अभिभावक तथा बालबालिकाले सक्रिया रुपमा प्रयोगात्मक कार्यमा सहभागी हुनुका साथै आर्थिक रुपमा लाभ उठाएका छन् ।

विद्यालयका प्रधानाध्यापक नैनसिंह खत्रीले यो कार्यक्रमबाट पढेरमात्र होइन, परेर पनि धेरै कुरा सिक्न सकिन्छ भन्ने उदाहरण दिएको बताए । प्रयोगात्मक रुपमा धेरै कुरा सिक्ने र जीवनलाई सरलीकृत गर्ने अभियानमा रहेको पनि उनको भनाइ छ । 'डिग्री पढेको भनी हामी जानकारी दिन्छौँ तर खाना बनाउन पनि आउँदैन भने त्यो पढेको के अर्थ भयो,' उनले भने, 'हामीले विगतको संस्कार, संस्कृतिलाई संरक्षण गर्नुका साथै नयाँ आधुनिक विश्वमा आफूलाई जानकार बनाउनुपर्ने दायित्व छ ।'

खाना जानेरभन्दा पनि खाना नजानेर धेरैलाई समस्या आएको उनको भनाइ छ । कर्णाली अग्नानिक उत्पादनको महत्त्वपूर्ण क्षेत्र भए पनि निर्माण गर्ने तरिका तथा सीपको अभावमा दुनियाँको प्रयोगशाला भएको उनको भनाइ छ ।

विद्यालयमा पढाउनुमात्र ठूलो कुरा नभइ सीपसहित ज्ञान दिएर भावी पुस्तालाई समेत विगत, वर्तमानबारे अवगत गराउँदै आधुनिक विश्वसँग प्रतिस्पर्धा गराउने नागरिक तयार गर्नु अभिभावको दायित्व भएको खत्रीको भनाइ छ ।

कार्यक्रममा सबै सीपको प्रदर्शनीमात्र नभई अभ्यास पनि भारी मात्रामा गरिएको थियो ।

बालबालिकाले अभिभावकसँग खाना बनाएर बिक्री गर्दै आर्थिक रुपमा पनि लाभ उठाएका थिए । सहरबजारमा नपाइने परम्परागत औजारको प्रदर्शनीले विगतमा पुर्खाहरूले गरेका कठिन दिनको सङ्घर्ष पनि झल्किएको थियो । अहिलेको विकाससँगै विगतमा भएका सङ्घषका कथा आजको प्रदर्शनीमा झल्किने गरेको थियो । रासस

# पर्सा–२ मा चुनावी माहोल तातिँदै

# ड्राइपोर्ट बहुवरीमा टेमानीको सक्रिय अभियान




**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा क्षेत्र नं. २ मा प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार अशोक टेमानीले आफ्नो घरदैलो अभियानलाई थप सशक्त बनाउँदै बिरगंज महानगरपालिका वडा नम्बर २४ ड्राईपोर्ट बहुवरी टोलका मतदाताहरूसँग भेटघाट तथा प्रत्यक्ष संवाद गरेका छन् । जनता समाजवादी पार्टी (जसपा) का तर्फबाट उम्मेदवारी दिएका टेमानीले चुनावी प्रचारप्रसार कार्यक्रम अन्तर्गत स्थानीय बासिन्दासँग भेटघाट गरी उनीहरूको समस्या, सुझाव र अपेक्षाबारे गहिरो रूपमा जानकारी लिएका हुन् ।

ग्रामीण भेगमा पर्ने ड्राईपोर्ट बहुवरी टोलमा पुगेका टेमानीलाई स्थानीयले स्वागत गर्दै आफ्ना दैनिकी भोगाईका कठिनाइहरू खुलेर सुनाएका थिए । विशेषगरी खानेपानीको चरम अभाव, शिक्षा क्षेत्रको कमजोर अवस्था, स्वास्थ्य सेवाको पहुँचमा कमी तथा कृषि क्षेत्रमा देखिएका विभिन्न समस्याहरूबारे स्थानीयले गुनासो गरेका थिए । वर्षौंदेखि समाधानको प्रतीक्षामा रहेका यी समस्याले जनजीवन प्रभावित बनेको उनीहरूको भनाइ थियो ।

खानेपानीको समस्या यहाँका बासिन्दाका लागि प्रमुख चुनौती बनेको स्थानीयहरुको गुनासो थियो । नियमित शुद्ध खानेपानीको व्यवस्था नहुँदा महिलाहरू र बालबालिकाले टाढाटाढाबाट पानी बोकेर ल्याउनुपर्ने अवस्था रहेको स्थानीयको भनाइ छ । कतिपय स्थानमा हातेधारा बिग्रिएको, कतै पाइपलाइन जडान भएपनि पानी नआउने समस्या रहेको स्थानीय मतदाताहरुले गुनासो गरेका थिं । यसले स्वास्थ्यमा समेत नकारात्मक असर पारेको स्थानीयको अनुभव छ ।

त्यस्तै, शिक्षा क्षेत्र पनि सन्तोषजनक नरहेको बताइएको छ । सरकारी विद्यालयमा शिक्षक अभाव, भौतिक पूर्वाधारको कमी तथा गुणस्तरीय शिक्षाको अभावले विद्यार्थीहरू प्रभावित बनेका छन् । कतिपय अभिभावकले आफ्ना सन्तानलाई राम्रो शिक्षा दिलाउन आर्थिक बोझ व्यहोर्दै निजी विद्यालयमा पठाउनुपर्ने बाध्यता रहेको बताए । ग्रामीण क्षेत्र भएकै कारण शिक्षामा पछाडि परेको महसुस स्थानीयवासीले व्यक्त गरेका छन् ।

स्वास्थ्य सेवाको अवस्था पनि त्यत्तिकै कमजोर रहेको गुनासो गरिएको छ । नजिकै सुविधा सम्पन्न स्वास्थ्य संस्था नहुँदा सामान्य उपचारका लागि समेत वीरगंज बजार क्षेत्र धाउनुपर्ने अवस्था रहेको स्थानीयले बताएका थिए । आकस्मिक बिरामी परेका बेला यातायात र खर्चको अभावले झन् कठिनाइ थपिने गरेको उनीहरूको भनाइ थियो । स्वास्थ्य चौकीमा आवश्यक औषधी र जनशक्तिको अभाव रहेको पनि स्थानीयले जानकारी गराए ।

कृषि क्षेत्रमा पनि पर्याप्त सिंचाइ सुविधा नहुँदा किसानहरू मारमा परेका छन् । मलखाद, बिउबिजन तथा बजार व्यवस्थापनमा समस्या रहेको गुनासो गर्दै किसानहरूले राज्यबाट आवश्यक सहयोग नपाएको बताएका छन् । उत्पादन भएको कृषि उपजले उचित मूल्य नपाउँदा कृषकहरू निराश बनेको पाइएको थियो । ग्रामीण अर्थतन्त्रको मेरुदण्ड मानिने कृषि क्षेत्रलाई सुदृढ बनाउन दीर्घकालीन योजना आवश्यक रहेको उनीहरूको धारणा थियो ।

स्थानीयका गुनासा ध्यानपूर्वक सुनेपछि उम्मेदवार टेमानीले आफू जनताको आवाज संसदसम्म पु¥याउने प्रतिबद्धता व्यक्त गरेका थिए । उनले खानेपानी, शिक्षा, स्वास्थ्य र कृषि जस्ता आधारभूत क्षेत्रलाई प्राथमिकतामा राखेर काम गर्ने अठोट व्यक्त गर्दै दीर्घकालीन र दिगो समाधानका लागि पहल गर्ने बताए । 'जनताको विश्वास र साथ पाएर संसदमा पुगेपछि यहाँका समस्यालाई योजनाबद्ध ढंगले समाधान गर्न पहल गर्नेछु,' उनले भने ।

टेमानीले विकासको मूल आधार स्थानीय आवश्यकता र सहभागितामै रहेको उल्लेख गर्दै जनताको सक्रिय सहकार्यबाट मात्र समृद्धि सम्भव हुने धारणा राखे । उनले ग्रामीण क्षेत्रलाई केन्द्रमा राखेर विकास योजना बनाइनुपर्ने आवश्यकता औंल्याए । साथै, युवाहरूलाई रोजगारी सिर्जना गर्ने कार्यक्रम, किसानमैत्री नीति तथा सामाजिक न्यायलाई सुदृढ बनाउने एजेन्डा आफ्नो प्राथमिकतामा रहेको बताए ।

घरदैलो अभियानका क्रममा स्थानीय मतदाताले पनि उम्मेदवारसँग प्रत्यक्ष संवाद गर्न पाउँदा खुसी व्यक्त गरेका थिए । उनीहरूले विगतमा नेताहरूले आश्वासन दिए पनि कार्यान्वयन पक्ष कमजोर रहेको भन्दै यसपटक परिणाममुखी कामको अपेक्षा रहेको बताए । वीरगंज महानगरपालिका वडा नम्बर २४ डराईपोरट बहुवरीमा सम्पन्न भेटघाट तथा संवाद कार्यक्रमले स्थानीय समस्यालाई उजागर गर्दै चुनावी माहोललाई थप तताएको छ । उम्मेदवार टेमानीले उठाएका प्रतिबद्धता र स्थानीयको अपेक्षाबीचको समन्वय कत्तिको प्रभावकारी रूपमा कार्यान्वयन हुन्छ भन्ने विषय आगामी दिनमा महत्वपूर्ण बन्ने देखिन्छ । घरदैलो अभियानलाई तीव्र बनाउँदै उनले पर्सा क्षेत्र नं. २ मा आफ्नो उपस्थितिलाई अझ मजबुत बनाइरहेका छन् ।

# विभिन्न पार्टी छाडी सयौं नेताहरु रास्वपामा प्रवेश



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा निर्वाचन क्षेत्र नम्बर–४ अन्तर्गत धोबीनी गाउँपालिका–वडा नं. ४ लंगडीमा शुक्रबार विभिन्न राजनीतिक दल छोडेर सयौंभन्दा बढी नेता, कार्यकर्ता र स्थानीय युवा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा प्रवेश गरेका छन् । नवप्रवेशीहरूलाई पार्टीमा स्वागत गर्दै टेकबहादुर शाक्य ले फूलमाला र गम्छा लगाएर शुभकामना दिएका थिए ।

पार्टी प्रवेश कार्यक्रममा रोशन पटेलको नेतृत्वमा सुनिल साह कलवार, संजय बानिया, विकास पटेल, मिथुन पटेल, धिरज महतो, राजरुप सहनी, बालकुमार सहनी, इनर्देव ठाकुर, भरत पसवान, राकेश पसवानलगायत सयौं नयाँ सदस्य सहभागी थिए । नवप्रवेशीहरुले देशमा परिवर्तन, सुशासन, भ्रष्टाचारमुक्त समाज र सबैका लागि समान अधिकार सुनिश्चित गर्ने क्षमता रास्वपासँग मात्र भएको बताउँदै आफैं रास्वपामा प्रवेश गरेको स्पष्ट पारे । यसअघि आबद्ध राजनीतिक दलका नेताहरूले उनीहरूलाई सत्तामा पुग्ने साधनको रूपमा मात्र प्रयोग गरेको आरोप उनीहरूले लगाए । 'अबको वैकल्पिक शक्ति रास्वपा हो, जसले वास्तविक देशहितमा काम गर्छ,' लंगडीका रोशन पटेलले भने ।

उम्मेदवार शाक्यले नवप्रवेशीहरूलाई स्वागत गर्दै पर्सा–४ मा युवाहरूका लागि रोजगारी सिर्जना गर्ने, स्थानीय उद्यमीलाई प्रोत्साहन दिने र उद्योग–कलकारखानाको उत्पादन क्षमता वृद्धि गरेर थप रोजगार अवसर प्रदान गर्ने आफ्नो प्रमुख एजेन्डा प्रस्तुत गरे ।

उनले धोबीनी गाउँपालिका र पर्सा–४ का सम्पूर्ण क्षेत्रलाई नेपालको ऐतिहासिक महत्व बोकेको स्थलका रूपमा अन्तर्राष्ट्रिय स्तरमा प्रचार–प्रसार गर्ने प्रतिबद्धता पनि जनाए ।

शाक्यले यसअघि निर्वाचित सांसदहरूले क्षेत्रको आधारभूत विकासमा ठोस काम नगरेको आरोप लगाउँदै भने, 'स्वास्थ्य, शिक्षा, भौतिक पूर्वाधार, बजार व्यवस्थापन र कृषिमा आधुनिकीकरण जस्ता मुद्दालाई प्राथमिकताका साथ सम्बोधन गर्नेछु ।'

उनले रास्वपालाई देशको कायापलट गर्ने एकमात्र शक्ति बताउँदै स्थानीय मतदातासँग घण्टी छापमा मतदान गरी प्रत्यक्ष र समानुपातिक उम्मेदवारलाई विजयी गराउन अपिल गरे । कुल मिलाएर, लंगडीमा आयोजित पार्टी प्रवेश कार्यक्रममा रास्वपामा ठूलो संख्यामा नेताहरू र कार्यकर्ताहरूको सहभागीता देखिनु यस क्षेत्रका मतदातामा परिवर्तन र नवप्रवर्तनको अपेक्षा बढेको स्पष्ट संकेत मानिन्छ ।

# ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता लिन सकस

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
आर्थिक रूपमा कमजोर, अशक्त तथा असहाय नागरिकलाई राहत पु¥याउने उद्देश्यले सरकारले प्रत्येक तीन महिनामा एकमुष्ट सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आएको छ । तर मधेशका विभिन्न स्थानीय तहमा जनप्रतिनिधि र बैंक कर्मचारीको लापरबाहीका कारण ज्येष्ठ नागरिकहरू कष्टपूर्ण अवस्थामै भत्ता बुझ्न बाध्य भएका छन् । धनुषाको औरही गाउँपालिकामा देखिएको अवस्था यसैको उदाहरण बनेको छ ।

औरही गाउँपालिका–कपटौलका ८८ वर्षीय रामवृक्ष सहनी शारीरिक रूपमा अशक्त छन् । मोटरसाइकल दुर्घटनापछि हिँडडुल गर्ने कठिन हुने अवस्थामा पुगेका उनी घरमै सेवा नपाउँदा नातिनी ज्वाईं र अन्य एक जनाको सहारामा बैंकसम्म पुग्न विवश छन् ।



सामान्य दिनचर्या सञ्चालन गर्नसमेत समस्या झेलिरहेका सहनीका लागि भत्ता बुझ्न बैंक धाउनु थप पीडादायी बनेको छ । कपटौलकै ७८ वर्षीय सीताराम सहनीको अवस्था झनै दयनीय छ ।

दुवै आँखा नदेख्ने उनी गत वर्ष पत्नीको निधनपछि छोरी अञ्जु देवीको घर, पौडेश्वरमा बस्दै आएका छन् । उनी पनि छोरीकै सहारामा तीन महिनाको सामाजिक सुरक्षा भत्ता लिन बैंक पुग्नुपर्ने अवस्था रहेको छ ।

औरही गाउँपालिकाभित्र ज्येष्ठ नागरिक, एकल महिला, अशक्त तथा असहाय गरी ४ हजार २ सय ९६ जना लाभग्राहीले हरेक तीन महिनामा २ करोड ६३ लाख ४१ हजार रुपैयाँभन्दा बढी सामाजिक सुरक्षा रकम बुझ्ने गरेका छन् ।

यसअघि गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सुबोध कुमार ठाकुर र लक्ष्मी सनराइज बैंकका शाखा प्रबन्धक महेशकुमार रायबीच १४ बुँदे सहमति भएको थियो । सहमतिपत्रको बुँदा नम्बर ११ मा ९० वर्षमाथिका ज्येष्ठ नागरिक तथा अशक्त–असहाय व्यक्तिलाई घरदैलोमै पुगेर रकम उपलब्ध गराउने उल्लेख छ । तर व्यवहारमा भने उक्त व्यवस्था कार्यान्वयन भएको देखिँदैन ।

सरकारले सामाजिक सुरक्षा ऐन बमोजिम आर्थिक रूपमा विपन्न ज्येष्ठ नागरिक, अशक्त, एकल महिला, अपांगता भएका व्यक्ति, बालबालिका तथा लोपोन्मुख समुदायको सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गर्न भत्ता वितरण गर्दै आएको छ ।

नेपालको संविधानको धारा ४३ ले सामाजिक सुरक्षाको हक सुनिश्चित गरेअनुसार हाल आठ वर्गमा सामाजिक सुरक्षा भत्ता वितरण हुँदै आएको छ, जसमध्ये सबैभन्दा ठूलो संख्या ज्येष्ठ नागरिककै रहेको छ । तर कानून व्यवस्था र सम्झौता हुँदाहुँदै पनि कार्यान्वयन कमजोर हुँदा वास्तविक लाभग्राहीहरू नै सास्ती खेप्न बाध्य भएका छन् ।

# आचारसंहिता उल्लंघन गर्दै टाँसिएका २० हजार प्रचार सामग्री हटाइयो



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
फागुन २१ गते तय भएको प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा धनुषामा चुनावी गतिविधि तीव्र बन्दै गएको छ । प्रचारप्रसार बढेसँगै आचारसंहिता विपरीत सार्वजनिक स्थलमा जथाभावी टाँसिएका प्रचार सामग्री हटाउने अभियान पनि प्रशासनले चलाएको छ ।

जिल्ला प्रशासन कार्यालय धनुषाले जनकपुरधाम उपमहानगर क्षेत्रका विभिन्न स्थानबाट करिब २० हजारभन्दा बढी पर्चा, पम्पलेट, ब्यानर र पोस्टर हटाइएको जनाएको छ । सार्वजनिक सडक, सरकारी भवन, विद्युतका पोल तथा अन्य संरचनामा अनुमतिविना टाँसिएका सामग्री कारबाहीस्वरूप हटाइएको प्रशासनको भनाइ छ ।

निर्वाचन आचारसंहितालाई प्रभावकारी रूपमा लागू गर्न प्रशासनले यसअघि राजनीतिक दल र उम्मेदवारहरूलाई एक दिनको समय दिँदै नियमविपरीतका प्रचार सामग्री स्वयम् हटाउन निर्देशन दिएको थियो । तर, तोकिएको समयसीमाभित्र आवश्यक कदम नचालिएपछि प्रशासन आफैं अग्रसर भएर सफाइ अभियान सञ्चालन गरेको हो ।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलका अनुसार जथाभावी टाँसिएका पोस्टर र ब्यानरले शहरको सौन्दर्यमा नकारात्मक असर पारेको मात्र होइन, निर्वाचन आचारसंहिताको खुला उल्लंघनसमेत भएको देखिएकाले हटाउने निर्णय गरिएको हो । अब पुनः यस्ता गतिविधि दोहोरिए कानून कारबाही गरिने चेतावनी पनि प्रशासनले दिएको छ ।

विशेषगरी मुख्य बजार क्षेत्र, व्यस्त चोक, सार्वजनिक भित्ताहरू तथा सरकारी संरचनामा अत्यधिक मात्रामा प्रचार सामग्री प्रयोग गरिएको भेटिएको थियो । निर्वाचन नजिकिँदै जाँदा प्रचारलाई आक्रामक बनाउने होडमा आचारसंहिताको बेवास्ता गरिएको प्रशासनको निष्कर्ष छ ।

चुनावी व्यवस्थापनलाई व्यवस्थित र स्वच्छ बनाउन स्थानीय तह, प्रहरी तथा सम्बन्धित निकायसँग समन्वय गरी अनुगमनलाई थप कडा बनाइएको जनाइएको छ । आगामी दिनमा नियमविपरीत टाँसिने कुनै पनि सामग्री तत्काल हटाइने र सम्बन्धित दल वा उम्मेदवारलाई आवश्यक कानून प्रक्रिया अघि बढाइने प्रशासनले स्पष्ट पारेको छ ।

यसबीच दल र उम्मेदवारहरू घरदैलो, मतदाता भेटघाट तथा सभा–सम्मेलनमार्फत प्रचारमा सक्रिय छन् । यद्यपि, प्रचारप्रसारका क्रममा निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्न प्रशासनले पुनः सबै पक्षलाई आग्रह गरेको छ ।

# प्रदेश खारेज गर्ने षड्यन्त्र हुँदैछः यादव

**मधेशदृष्टि**
**सप्तरी ।**
जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले सङ्घीयता विरोधी पार्टीहरुले प्रदेश खारेज गरेर फेरि मधेशी जनतालाई गुलाम बनाउन चाहेको बताएका छन् ।

सप्तरीको क्षेत्र नम्बर ३ बाट प्रतिनिधि सभा सदस्यका उम्मेदवार यादवले डाक्रेश्वरी नगरपालिका वडा नम्बर–८ स्थित पट्टीमा शुक्रबार आयोजित सभामा सङ्घीयता विरोधीहरुबाट सचेत रहन मधेशी जनतालाई आग्रह गरे ।

कांग्रेस कम्युनिष्टको इच्छा विपरीत देशमा सङ्घीयता आएको चर्चा गर्दै उनले भने, 'कांग्रेस कम्युनिष्टले सङ्घीयता चाहेकै थिएन, आफूलाई नयाँ शक्ति भन्ने राष्ट्रिय स्वतन्त्र पार्टी जो सङ्घीयता र प्रदेश खारेजको पक्षमा छ, अहिले विभिन्न आवरणमा मधेशी जनताको मत तान्नका लागि भ्रममा पारिरहेका छन् ।' गत निर्वाचनमा प्रदेशसभामा उम्मेदवारीसमेत नदिएका रास्वपाको




भु◌ुलभुलैयामा नपर्न उनले आग्रह गरे ।

हरेक राजनीतिक परिवर्तनहरुमा सप्तरीले निर्णायक भूमिका निर्वाह गरे पनि सरकारको विभेदकारी नीतिकका कारण अपेक्षाकृत विकास हुन नसकेको उनले टिप्पणी गरे । गरिबी, बेरोजगारी अशिक्षा, बाटोघाटो, गुणस्तरीय शिक्षा, स्वस्थ खानेपानी अभाव अझै पनि कायमै रहेको बताउँदै यादवले भने, 'अहिलेसम्मको अवस्था हेर्दा सही जनप्रतिनिधि चुन्ने बेला नै गल्ती गर्ने गरेको पाइएको छ, न विकास गर्ने, नअधिकारका लागि बोल्ने प्रतिनिधि चुनिएका कारणले पनि सप्तरी अगाडि बढ्न सकेको छैन, अर्कोतर्फ विकासको लहर ल्याउने नेतालाई पनि विगतमा पाखा लगाउने काम भएको छ ।'

प्रतिनिधि चयन गर्ने क्रममा नचुक्न आग्रह गर्दै यादवले सप्तरी २ बाट चुनाव जित्दा विराटनगरभन्दा पनि ठूलो सुविधासम्पन्न हस्पिटल भवन, कृषि विश्वविद्यालय इन्जिनियरिङ कलेज, नर्सिङ कलेज भवन, रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान, पक्की सडक, विद्यालय भवन लगायतका कामहरु अगाडि बढाएको बताए ।

हावाको पछि नलाग्न आग्रह गर्दै विगतको कामको समेत मूल्याङ्कन गरेर मतदान गर्नुपर्नेमा उनले जोड दिए । आगामी निर्वाचन संविधान संशोधन गरेर सङ्घीयतालाई अधिकारसम्पन्न बनाउनुका साथै मधेशी लगायत उपेक्षित उत्पीडित जनताको भविष्य लेखिने भएकोले गम्भीर हुन उनले आममतदातासँग आग्रह गरे ।

शुक्रवारै डाक्रेश्वरी नगरपालिकाको प्रवाहा, धामी टोल, भीमपुर, बिसहरिया लगायतका स्थानमा आयोजित सभाहरुमा अध्यक्ष यादवले सम्बोधन गरेका थिए ।

# कांग्रेसको अनुशासन कार्यविधि पारित

**काठमाडौँ ।**
नेपाली कांग्रेसको केन्द्रीय अनुशासन समितिले केन्द्रीय अनुशासन समितिको कार्यविधि–२०८२ पारित गरेको छ ।

समितिका संयोजक तारामान गुरुङको संयोजकत्वमा पार्टी केन्द्रीय कार्यालय सानेपामा शुक्रबार बसेको बैठकले कार्यविधि पारित गरेको कांग्रेस केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले जानकारी दिए ।

बैठकमा कपिलवस्तुलगायत केही जिल्लामा पार्टीका आधिकारिक उम्मेदवारविरुद्ध उम्मेदवारी दिएका व्यक्ति, निजका प्रस्तावक–समर्थक तथा पार्टी अनुशासनविपरीत क्रियाकलापमा संलग्न सदस्यका सम्बन्धमा छलफल भएको कांग्रेसले जनाएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन